ISSN 2091-1629

मूल्य रु. ४५/-

गौरी मासिक

GAURI MASIK

वर्ष १९, अङ्क ५, २०८० माघ, पूर्णाङ्क २१३







फोटो : भुवन महर्जन

चिम्टेश्वर महादेव

बेलकोटगढी, नुवाकोट

साल्ट ट्रेडिङ्ग कर्पोरेशन लिमिटेड
द्वारा प्रवर्द्धित
STC ग्याँस
तौल पूर्ण, सुरक्षा सम्पूर्ण
- ISI स्टाण्डर्डको भित्र बाहिर रबर कोट भै बीचमा स्टिलको जाली भएको ३ तहको होजपाइप
- उच्च गुणस्तरको रेगुलेटर
- पुनः प्रयोग गर्न न सकिने प्लाष्टिक सिल भएको सिलिण्डर
- कम्प्यूटर प्राविधिबाट चल्ने प्लान्ट, तौलमा सोह्रै आना ढुक्क हुनुहोस्
गृहिणी
चामल
साल्ट ट्रेडिङ्ग समूहका उत्कृष्ट खाद्य बस्तुहरु



एक करोड गीतादान महाअभियान
सहभागी हुन इच्छुक महानुभावहरूलाई
हार्दिक स्वागत गर्दछौं ।
सहभागीताको लागि:
एक करोड गीतादान महाअभियान
New Baneshwor, Kathmandu, Nepal
Tel.: +977-01-4104316/6638000
E-mail: 1karodgeetadan@gmail.com
Facebook: Karod Geeta Dan
Website: www.ushaeduhouse.com
मूल्यः स्वविवेक
9 789937 122801
श्रीमद्भगवद्गीता
(नेपाली भावार्थसहित)
दोस्रो संस्करण
श्रीमद्भगवद्गीता
विष्णु सहस्रनाम सहित
(नेपाली भावार्थसहित)
दोस्रो संस्करण
विश्व कल्याण र धर्म संरक्षणको लागि
ॐ एक करोड गीतादान महाअभियान

संवित परामर्श मण्डल
आबाल ब्रह्मचारी कविराज देवराज आचार्य
प्रा. शिवगोपाल रिसाल
डा. बिनु बाबा अर्याल
सल्लाहकार
श्रीमती गङ्गा कार्की
श्रीमती माधवी नेपाल
श्रीमती शिवा रिमाल
श्रीमती सीता श्रेष्ठ, खड्का
श्रीमती कमला बस्नेत
श्री नवराज लामिछाने
श्री मोहन चौधरी
प्रकाशक/सम्पादक
अर्जुन लामिछाने (९८५१०५३६०१)
व्यवस्थापक
बिदुरप्रसाद अधिकारी
सहयोगी
बिनीता पाठक
पार्वती सेढाईं
साजसज्जाः
बिपीन सोडारी (९८४९८५६२१०)
मुद्रकः किशोर अफसेट प्रेस
अध्यात्म ज्ञान लिनु र दिनु परम धर्म हो ।
एक प्रतिको रू. ४५/-
वार्षिक सदस्यता शुल्क रू. ५००/-
आजीवन सदस्यता शुल्क रू. ५,०००/-
ग्राहक बनेर गौरीको प्रकाशनमा टेवा पुऱ्याइ पुण्य कमाउनुहोस् ।
यस पत्रिकामा प्रकाशित लोख रचनाहरू लेखकका व्यक्तिगत विचार हुन्- सम्पादक

कार्यालय
भुवनेश्वरीमार्ग, पशुपति, काठमाडौं
फोन नम्बर- ९८०३८८८६६७, ९८०३०९२४१७
इमेलः- gauri_2062@yahoo.com / masikgauri@gmail.com

वितरक
विश्व स्वतन्त्र संचार
नयाँबानेश्वर, काठमाडौं, फोन नं.: ९८५१०३०९७२

कर्णाली प्रदेशः सुर्खेत ९८६८८९२३४७ (चैतेजी)
सुदुर पश्चिम कैलाली ९८४९९०३०३३ (हरिजी)
नेपालगञ्जः ९८४८०९५०५९ (गङ्गादास)
वाग्मति प्रदेश हेटौंडाः ९८४५३००६०५
देवघाटधाम, तनहुँ ९८५१०३०९७२
मधेश प्रदेश बर्दिवासः ९८४९२१६२५५
कोशी प्रदेशः ९८०३०९२४१७ (लेखनाथ)

जि. प्र. का. द. नं. ५२/०६२/०६३

हे गौरि शंकरार्धाङ्गि यथा त्वं शंकरप्रिया ।
तथा मां कुरू कल्याणि कान्तकान्तां सुदुर्लभाम् ॥

वर्ष १९, अङ्क ५, २०८० पुस, पूर्णाङ्क २१३

माघ २०८०

सोमबार	१	८	१५	२२	२९
मंगलबार	२	९	१६	२३	गौरी
बुधबार	३	१०	१७	२४	गौरी
बिहिबार	४	११	१८	२५	गौरी
शुक्रबार	५	१२	१९	२६	गौरी
शनिवार	६	१३	२०	२७	गौरी
आइतवार	७	१४	२१	२८	गौरी

गौरीको अनुरोध.....!

यस गौरी मासिकको बार्षिक या आजीवन सदस्यता लिएर पनि पत्रिका नपाउनु भएका पाठकवृन्दहरूले कार्यालयमा सम्पर्क गरी छुटेका पत्रिकाहरू संकलन गर्नुहुन अनुरोध छ ।

कार्यालयः भुवनेश्वरी मार्ग, पशुपति
सम्पर्कः ९८४१५३३७८७, ९८०३८८८६६७
९८५१०५३६०१

श्रीमद्भागवतमहापुराण

तत्वहरूको सङ्ख्या र प्रकृतिपुरुषविवेक

अघिल्लो अंकबाट क्रमशः

मन कर्महरूको अधीन छ । त्यसले देखेका अथवा सुनेका विषयहरूको चिन्तन गर्न थाल्छ र त्यसमा तदाकार भइहाल्छ । यस जीवले कुनै पनि शरीरलाई 'म' को रूपमा स्वीकार गर्छ, अनि त त्यसैलाई जन्म भन्छन् । जस्तै मानिसले पहिलेका सपना र मनोवाञ्छालाई बिर्सन्छ, त्यस्तै वर्तमान शरीरमा स्थित जीवलाई पूर्वशरीरको स्मरण रहँदैन ।

कालको गति सूक्ष्म छ । त्यसद्वारा प्रतिक्षण शरीरहरूको उत्पत्ति र नाश भइराखेको हुन्छ । सूक्ष्म हुनाको कारणले नै प्रतिक्षण हुने जन्म र मरण देखा पर्दैन । जस्तै कालको प्रभावले बत्तीको झुल्को, नदीहरूका प्रवाह अथवा वृक्षको फलका अवस्थाहरू परिवर्तित भइराख्छन्, त्यसै गरी समस्त प्राणीहरूको अवस्था पनि परिवर्तित भइराख्छ । जस्तै त्यो ज्योतिहरूको उही बत्ती हो, प्रवाहको त्यो उही जल हो, यस्तो बुझ्नु र भन्नु व्यर्थ हो, त्यसै गरी अविवेकी मानिसहरूले यस्तो भन्नु र बुझ्नु कि यो उही मानिस हो, सर्वथा मिथ्या हो । हुन त यो भ्रान्त पुरुष कर्महरूद्वारा न उत्पन्न हुन्छ न मर्छ नै; त्यो पनि अजन्मा र अमर नै हो तर पनि भ्रान्तिले यो उत्पन्न भएको झैं र मरेको झैं पनि हो, जस्तै काठले युक्त आगो उत्पन्न हुन्छ र नाश भएझैं देखा पर्छ ।

जन्ममृत्यु आदि अवस्थाहरू शरीरका नै हुन् । यो शरीर जीवदेखि भिन्न हो; तर जीव अज्ञानवश गुणहरूका सङ्गतिले शरीरलाई आफ्नो ठानेर भट्किन थाल्छ र कहिलेकाहीँ विवेक भएपछि यसलाई छाडि पनि दिन्छ । पितालाई पुत्रको जन्मले र पुत्रलाई पिताको मृत्युले आआफ्नो जन्ममरणको अनुमान गर्नुपर्छ । जस्तै जौगहुँ आदिको बाली (बीउ छरेपछि उम्रिहाल्छ र पाकेपछि काटिहालिन्छ, तर जुन कृषक त्यसलाई उमार्ने र काट्ने हो, त्यो त्यसदेखि सर्वथा भिन्न हो, त्यसै गरी जुन शरीर र उसका अवस्थाहरूको साक्षी हो, त्यो शरीरदेखि सर्वथा पृथक छ । अज्ञानी पुरुष यसरी प्रकृति र शरीरसित आत्माको विवेचन गर्दैनन् । जीव जसै जन्ममृत्युको चक्रमा भट्किन थाल्छ, अनि त्यो सात्त्विक कर्महरू गर्नाले ऋषिलोक र देवलोक, राजसिक कर्महरू गर्नाले मनुष्य र असुरयोनिहरूमा र तामसी कर्महरूद्वारा भूतप्रेत तथा पशुयोनि, पक्षीयोनि आदि योनिहरूलाई प्राप्त गर्छ ।

जस्तै मानिसले कसैलाई नाचेको, गाएको देखेर आफू पनि त्यसको अनुकरण गर्न लाग्छ, त्यसै गरी जीव बुद्धिका गुणहरूलाई देखेर स्वयम् निष्क्रिय हुँदाहुँदै पनि त्यसको अनुकरण गर्नका निम्ति बाध्य भइहाल्छ । जस्तै छिटछिटै घुम्ने यन्त्रमा चढेको मानिसलाई त्यस यन्त्रबाट ओर्लेपछि पृथ्वी घुमिराखेको झैँ देखा पर्छ र जस्तै मनमा सोचेका र सपनामा देखेका भोग्यपदार्थ सर्वथा मिथ्या हुन्छन् त्यसै गरी यो संसार सत्य रूपमा देखा परे पनि वस्तुतः सर्वथा असत्य छ । जस्तै सपनाको दुःखक्लेश जागा नहुन्जेल नष्ट हुँदैन, त्यसै गरी सत्य नभएर पनि जुन जीव मिथ्या विषयहरूको नै चिन्तन गरिराख्छ त्यसको जन्ममृत्युरूपी संसारचक्र भगवान्‌को शरण नलिएर निवृत्त हुँदैन । अतः जसले आफ्नो कल्याणको चाहना गर्छ, उसले सबै विघ्नबाधाहरूबाट विवेकबुद्धिद्वारा आफूलाई बचाइहाल्नुपर्छ ।

क्रमशः

माघ महिनाका पर्व तथा विदा

१ गते माघे संक्रान्ति/मकर संक्रान्ति/घ्यु चाकु खाने दिन/मकर स्नान आरम्भ/उत्तरायण आरम्भ
२ गते राष्ट्रिय भूकम्प सुरक्षा दिवस
७ गते पुत्रदा एकादशी व्रत
९ गते सोम प्रदोष व्रत
११ गते श्रीस्वस्थानी व्रत कथा प्रारम्भ/माघ स्नान/पूर्णिमा व्रत
१६ गते शहीद दिवस
२३ गते षट्तिला एकादशी व्रत
२४ गते प्रदोष व्रत
२७ गते सोनाम ल्होछार/श्रीबल्लभ जयन्ती

सम्पादकीय

आखिरी अयोध्यामा पुन अवतरण भए श्रीराम

सन् १५२६ को अप्रिल १३ मा बाबर भारत आएसँगै यहाँ मुगल साम्राज्यको सुरूवात भयो । मुगल शासकले यहाँका अनेकौँ हिन्दु मन्दिर, सभ्यता, संस्कृतिको क्रुर रूपमा विनाश गर्नथाले । यसै क्रममा सन् १५२८ मा बावरले अयोध्या नगरी (जसलाई श्रीराम जन्मभूमिको रूपमा लिइन्छ)को ऐतिहासिक राम मन्दिरलाई भत्काइ सोही स्थानमा बावरी मस्जिदको निर्माण गऱ्यो ।

बाबरको ज्याद्तीको बिरूद्ध हिन्दु समाज प्रतिकारमा जान सक्ने अवस्था थिएन । समय बित्दै गयो, १८५३ मा निर्मोही अखडाले बाबरको समयमा राम मन्दिर भत्काएर मस्जिदको निर्माण गरिएको कुरा दाबी गऱ्यो । यसपछि हिन्दु र मुस्लिमको लडाइको सुरूवात पनि भयो । १८८५ मा यो मुद्दा प्रथम पटक अदालतमा पुग्यो । बन्द कोठामा राखिएको श्रीरामको मूर्तिलाई त्यहाँ एउटा सानो मन्दिर बनाउने अनुमति अदालतमा मागियो तर अदालतले उक्त अपील खारेज गरिदियो । स्वधर्म रक्षाको यो लडाइ निरन्तर चलिनैरह्यो । ५०० वर्षमा ७४ पटकसम्म सभ्यता माथि आक्रमण भयो । यस क्रममा झण्डै १ लाख ९० हजार व्यक्तिले आफ्नो प्राणको आहूति पनि दिनु पऱ्यो । ४२ वर्षसम्म कानूनी रूपमा अदालतमा मुद्दा पनि चल्यो । अनेकौँ प्रमाणहरूका आधारमा सन् २०१९ को नोवेम्वर ९ तारिखमा भारतीय सर्वोच्च अदालतले राम मन्दिरको पक्षमा फैसला गऱ्यो ।

सर्वोच्चको फैसलापछि कानूनी रूपमा मन्दिर निर्माण गर्ने अनुमति प्राप्त भयो । तत्पश्चात् सन् २०२० अगष्ट ९ तरिखमा श्रीराम मन्दिर निर्माणको शिलान्यास गरियो । अहिले मन्दिर निर्माणको एउटा क्रम पूरा भएको छ र आगामी माघ ८ गते (२२ जनवरी २०२४) का दिन उक्त मन्दिरको प्राणप्रतिष्ठा हुदैछ । श्रीराम मन्दिरको पुनर्निर्माण हिन्दु सभ्यतामाथि अनेकौँ आक्रमणका बावजुद पनि आफ्नो स्वधर्म, संस्कार एवम् संस्कृति जगेर्ना गर्नका लागि विभिन्न कालखण्डमा निरन्तर खटिइरहेका अनेकौँ व्यक्तिहरूको परिश्रम, पसिना, त्याग एवम् बलिदानको प्रतिफल हो । अस्तु

यसभित्र

अविच्छिन्न

श्रीमद्भागवत महापुराण २

सम्पादकीय ३

कविता

विश्व सिङ्गै.... प्रा.डा. ऋषिराम पोखरेल ४

गीताज्ञान

सांख्ययोग आचार्य खेमराज केशवशरण ५

आध्यात्मिक वार्ता

जितेन्द्रिय... श्रीमहेन्द्रनाथ गुप्त श्री'म' ७

समसामयिक

श्रीस्वस्थानी.... उपप्रा. डा. विनुबाबा अर्याल ९

चिन्तन

भगवान्का विमूतिहरू डा. कान्ता भट्टराई १५

अन्तरवार्ता

दवाव र.. लक्ष्मी पुन, कार्यकारी निर्देशक १८

देश दर्शन

चिम्टेश्वर महादेव अर्जुन लामिछाने २१

व्यक्ति/व्यक्तित्व

स्वामी विवेकानन्द द्वारिकाप्रसाद पौडेल २५

पुराण प्रसङ्ग

दत्तात्रय अवधूत प्रसङ्ग .... मोहनप्रसाद आचार्य २९

तुलना

सबै धर्मको मर्म. आचार्य कमल पौडेल ३२

गतिविधि ३५

विश्व सिङ्गै उदाङ्गो छ

प्रा. डा. ऋषिराम पोखरेल

मुटुको प्रण राखेर माटोको निम्ति मर्नुहोस् ।
अजम्मरी कुनै छैन, आफैं मात्रै न बाँच्नुहोस् ॥

नआत्तिनोस् दुःख पर्दा सुखपाई न मात्तिनोस् ।
सुख दुःख दुवै चक्र नित्य घुम्छन् न विर्सनोस् ॥

मौका पाएँ भनी झट्टै साटो फेर्ने नगर्नुहोस् ।
सके केही गुनै गर्नोस् न सके चूप लाग्नुहोस् ॥

माटोमा ममता हुन्छ मुटुका माझ बस्दछ ।
बिर्सेर ममतालाई बाँच्न मुस्किल पर्दछ ॥

जिन्दगी रहँदासम्म, आशा त्याग नगर्नुहोस् ।
आफ्नै श्रम समेटेर, रोजी रोटी जुटाउनोस् ॥

कौवा कुकूर देखिन्छन् बाँचेकै तर ती सरी ।
हाम्रै जीवनको मोल गर्न हुन्न कसै गरी ॥

मरे दधीचि कसरी, वृत्र के के गरी गयो ।
सम्पत् दैवासुरी के हो गीता पढ्न नभुल्नुहोस् ॥

अर्काको श्रमको मूल्य नतिरीकन क्यै पनि ।
बलले न लिने गर्नोस्, सत्य हार्दैन बुझ्नुहोस् ॥

इतिहांस सधैं भन्छ, मलाई पनि हेर्नुहोस् ।
आफुलाई मात्र हुने चाहना त्याग गर्नुहोस् ॥

यता हेर्नोस्, उता हेर्नोस् आत्मा शुद्ध गराउनोस् ।
विश्व सिङ्गै उदाङ्गो छ, टिकाऊ काम गर्नुहोस् ॥❖

-सुन्दरीजल

गीता द्वितीय अध्याय

सांख्ययोग



-आचार्य खेमराज केशवशरण

इन्द्रियहरूलाई विषयबाट छुटाउन सक्नु नै हो त स्थितप्रज्ञ ? अथवा अरू पनि केही विशेषता यसमा हुन्छ ? भन्ने जिज्ञाशाको समाधाान दिंदै भगवान् अगाडि भन्नुहुन्छ–

विषया विनिवर्तन्ते निराहारस्य देहिनः ।
रसवर्जं रसोऽप्यस्य परं दृष्ट्वा निवर्तते ।५९।

अन्वयः निराहारस्य देहिनः रसवर्जं विषया विनिवर्तन्ते । अस्य रसः अपि परं दृटुवा निवर्तते ।

सरलार्थः इन्द्रियहरूलाई विषयहरू हटाउन सक्ने देहीका विषय त छुट्दछन् तर विषयसेवनको बेला अनुभव भएको रस (सुखबुद्धि) चाहिं छुटेको हुँदैन तर आत्मा साधनामा अघि बढिसकेको स्थितप्रज्ञ योगीको भने परमसुख रूप परमात्माको अनुभूति भइसकेपछि त्यो सुखबुद्धिरूप रस पनि छुट्तछ ।

भावार्थचन्द्रिकाः विषयहरूबाट इन्द्रियहरूलाई हटाउनु मात्र पर्याप्त हुँदैन । इन्द्रियहरूले विषय भोग गरिरहेका बेलाको सुखाबुद्धि मनभित्र गडेर 'अहा कति मीठो ! कति स्वादिलो ! कति मजाको !' इत्यादि आसक्तिपूर्ण सूक्ष्म वासनाको रूपमा जमिसकेको हुन्छ । यस श्लोकमा 'रस' शब्दले त्यसैलाई इङ्कित गरेको छ । विषयहरू त हट्लान् तर सूक्ष्म वासना बनेर मनभित्र जमेको त्यो सुखासक्ति चाहिं छुटेको हुँदैन । त्यसलाई छुटाउन अरू कुनै पनि साधन पर्याप्त हुँदैन । यम नियमादि साधनहरू पनि सहायक मात्र हुन्छन् । तर समर्थ हुँदैनन् । सुखासक्तिरूप त्यस वासनालाई छुटाउन सक्ने सर्वोपरि साधन अनन्य भगवद्भक्ति मात्र हुन्छ, जसले हृदय शुद्ध हुन्छ र परमसुखस्वरूप परमात्माको अनुभूति गर्न संभव हुन्छ । परमरसरूप परमानन्दमय भगवत्सत्ताको अनुभूति भएपछि मात्र त्यो वासनारूप रस छुट्न सक्दछ । श्रीमद्भागवत षष्ट स्कन्धमा श्रीशुकदेव स्वामी भन्नुहुन्छ–

यमादिभि योगपथैः कामलो महतो मुहुः ।
मुकुन्दसेवया यद्वत् तशस्च्चा नशुद्धयति ॥

अर्थात् बारम्वार सांसारिक सुखमा लटपटिएका मानिस यम नियमादि योगमार्गद्वारा त्यति शुभ हुन सक्दैनन् जति भगवान् मुकुन्दको अनन्य भक्तिद्वारा शुद्ध हुन सक्दछन् ।

परमात्मा परम रसधन हुनुहुन्छ । श्रुतिको उद्घोष छ– रसो वै सः । रसं हेनायं लब्ध्वा आनन्दी भवति । अर्थात् परमात्मा रसरूप हुनुहन्छ । उहाँलाई प्राप्त गरेपछि मात्र साधकलाई आनन्दको अनुभूति हुन्छ ।

यही परमानन्दमय भगवत्सत्ताको रसमय अनुभूतिले मात्र आसक्ति अथवा सूक्ष्म वासनारूपमा मनभित्र रहेको त्यस रसलाई हटाइदिन सक्दछ ।

सुखानुभूतिको त्यो रसरूप वासना नछुटे नछुटोस् त्यसबाट साधकलाई कुन हानि हुन्छ र ? कसैले यस्तो सोच्ला भनेर भगवान् त्यो वासनाले पुऱ्याउने हानिलाई इङ्गित गर्दै हुनुहुन्छ ।

५९ औं श्लोकमा भगवान्ले निराहार रहेको व्यक्तिका विषयहरू छुट्दै जान्छन् तर विषय सेवन गरेको बेलाको सुखानुभूति वासना रूप रस चाहिं यसै छुट्दैन परम सुखस्वरूप परमात्माको साक्षात्कार भएपछि मात्र त्यो छुट्दछ भन्ने कुरा बताउनु भयो । अब त्यो वासनारूप रस नछुटेका र परमात्मालाई प्राप्त गर्न बाँकी नै रहेका साधकहरूको अवस्था कस्तो हुन्छ त भन्ने जिज्ञासा समाधान दिंदै अगाडि भन्नुहुन्छ–

यततो ह्यपि कौन्तेय पुरुषस्य विपश्चितः ।
इन्द्रियाणि प्रमाथीनि हरन्ति प्रसभं मनः ।६०।

अन्वय : हे कुन्तीपुत्र ! प्रमाथीनि इन्द्रियाणि यततः विपश्चितः पुरुषस्य अपि मनः प्रसंभं हि हरस्ति ॥

सरलार्थ : यदि वासनारूप रस छुटेको छैन भने सबै कुरा बुझेको दिन पुरुषको मनलाई पनि बलशाली इन्द्रियहरूले

जर्वजस्तीसित नै हरण गरिदिन्छन् ।

भावार्थ चन्द्रिका : असल सङ्गत गरिसकेका, कुरा बुझेका र परमार्थपथमा अग्रसर बन्ने उत्कण्ठ इच्छा भएको साधक छ भने पनि सुखानुभूतिको वासनात्मक रसले गर्दा साधक विषयसेवनको प्रवृत्तितिर फेरि पनि खिचिन जाने डर बनिरहन्छ । किनभने जसले एकपल्ट विषयसुखको अनुभव गरिसकेको हुन्छ, त्यस्तालाई त्यो संस्कारले छोडिहालेको हुँदैन । विषय सामु नपरूञ्झेल त ऊ अलग बनेर बस्न पनि सक्ला तर जब विषय आइपुग्दछ पहिले भोगेका संस्कार वासना बनेर सूक्ष्म रूपमा मनभित्र बस्ने हुन्छ । विषयको सम्पर्कमा पुग्दा त्यो संस्कार जागृत हुन पुग्दछ र यो जान्दा जान्दै पनि विषयतिर आकृष्ट हुन पुग्दछ । उसका चलायमान इन्द्रियहरूले मनलाई विचलित तुल्याइदिन्छन् । त्यसैले सफलताप्रेमी साधकले विषयहरूको सम्पर्कबाट सधैं टाढै बस्ने र इन्द्रियहरूलाई विवेकको सहाराले नियन्त्रित गर्ने सल्लाह साधनाशास्त्रहरूले दिएको पाइन्छ । साधनापथमा धेरै अघि बढिसकेका साधकहरूले पनि बीचैमा पथभ्रष्ट भएर लक्ष्यप्राप्तिबाट वञ्चित बन्नु परेका अनेकौं उदाहरण पाइन्छन् । स्थितप्रज्ञ बनेर परमात्माप्राप्ति गर्ने महान लक्ष्यबाट उसले ठगिनुपर्ने हुन्छ ।

त्यसको समाधानका सम्वन्धमा अब आउँदो श्लोकमा भगवान् भन्नुहुन्छ–

तानि सर्वाणि संयम्य युक्त आसीत मत्परः ।
वशे हि यस्येन्द्रियाणि तस्य प्रज्ञा प्रतिष्ठिता ।६१।

अन्वय: तानि सर्वाणि संयम्य युक्तः मत्परः आसीत। यस्य हि तशे इन्द्रियाणि तस्य प्रज्ञा प्रतिष्ठिता ।

सरलार्थ: कर्मयोगी साधकले यस्ता इन्द्रियहरूलाई आफ्नो प्रयत्नले वशमा राखी मप्रति नै पूर्ण रूपले अभिमुख बनेर रहनु पर्दछ । किनभने जसका इन्द्रिय वशमा हुन्छन्, त्यसैको बुद्धि प्रतिष्ठित हुन्छ ।

भावार्थचन्द्रिका: साधकले निरन्तर जीवनको मूल्यप्रति सावधान रहनु पर्दछ । मनुष्य जीवन परमात्मप्राप्तिको लागि हो र यो पुरूषार्थी शरीर (पौरूषी तन) हो । परमात्माप्राप्तितिर अरू जीवनमा लाग्न सकिन्न । विषयप्राप्ति त प्राणीमात्रलाई सधैं सुलभ छ । अन्य जीवन त सधैं मिल्दछ । यस कुरालाई मनमा राखेर विषयप्रति आकृष्ट नभई भगवान्पट्टि नै अभिमुख बनिरहने प्रेरणा दिंदै भगवान्ले यस श्लोकमा मत्पर भन्ने शब्द प्रयोग गर्नुभएको छ ।

परमात्माको असीम कृपाबाटै मोक्षको द्वार यो मनुस्य जीवन प्राप्त भएको छ । त्यसैगरी अध्यात्म भावना, साधनाप्रति आस्था यी सबै कुरा प्रभु कृपाबाटै मानवलाई प्राप्त हुन्छ । यस तथ्यलाई सधैं मनन गरेर साधकले प्रभुप्रति ध्यान केन्द्रित गर्दै उहाँलाई नै जीवनको लक्ष्य मान्नु आवश्यक हुन्छ । त्यसो भयो भने मनमा अहंकार, अभिमान, जस्ता विकृतिहरू उठ्न पाउँदैनन् । नत्र साधक इन्द्रियवशिकरण गर्न सक्ने भयो नै भने पनि आफ्नै क्षमतामा घमण्ड गर्न थाल्दछ र मनभ्रमित हुन गई विषयतिरको आकर्षण बढ्न जाने डर हुन्छ । यस श्लोकले इन्द्रियमाथि विजयी भएर मात्र पुग्दैन परमात्मामा अनन्य भक्ति पनि आवश्यक छ भन्ने कुरा प्रतिपादन गर्दछ । परमात्माप्रति अनन्य भक्तको प्रवल आधार विना साधक इन्द्रियविजयको लक्ष्यमा सफल हुन सक्दैन । यो प्रकरण कर्मयोगको हो । साधकले कर्मी मात्र होइन कर्मयोगी बन्नु छ । कर्मलाई नै योगमा परिणत नगरी कर्मयोगी भइन्न । र भगवान्मा अनन्य भक्तिको जागरण नभई कर्मलाई योग बनाउन संभव हुन्न । त्यसैले भगवान्ले यहाँ मत्पर भनेर यस तथ्यप्रति ध्यानाकर्षण गराउनु भएको छ । ऋमशः

(आचार्य खेमराज केशवशरण वि.सं. २०७४ साउन १८ गते स्वर्गारोहण हुनुभएको हो । उहाँले लेख्नुभएको र उहाँकै पारिवारिक श्रोतबाट प्राप्त भएको गीताको भावार्थचन्द्रिका हामीले गौरीका प्रकाशनमा ऋमशः प्रकाशित गरिरहेका छौं ।)

अहैतुकी भक्ति

–श्री महेन्द्रनाथ गुप्त श्री 'म'

जितेन्द्रिय हुने उपाय, प्रकृतिभाव साधना, ईशानलाई अर्ती

आज शनिबार हो । ११ अक्टोबर १८८४ ई. । श्रीरामकृष्ण दक्षिणेश्वर-काली मन्दिरमा सानो खटियामा लेट्नुभएको छ । दिनको दुई बजेको हुँदो हो । जमिनमा मास्टर र प्रियमुखर्जी बसेका छन् । मास्टर एक बजे स्कुल छोडेर दुई बजे लगभग दक्षिणेश्वर काली मन्दिर आइपुगेका छन् ।

श्रीरामकृष्ण– एकपल्ट म यदु मल्लिकको घर गएको थिएँ । जानासाथै उसले सोध्यो, गाडीको भाडा कति हो ? जब मसँगको साथीले भन्यो, 'तीन रूपैयाँ दुई आना' अनि उसले मसँग सोध्यो । उता उसको मान्छेले आडैमा बग्गीवालासँग सोध्यो, उसले भन्यो, तीन रूपैयाँ चार आना । (सबैजना हाँस्छन् ।) त्यसपछि हामीकहाँ दौडँदै आएर सोध्यो, कति भाडा पऱ्यो रे ?

उसको यहाँ एउटा दलाल आएको थियो । त्यसले यदुलाई भन्यो, "उहाँ बजारमा चार बिघाको जमिनको टुक्रा बिक्रीमा छ । तपाईं लिनुहुन्छ कि ?"

यदुले सोध्यो, "कति दाम हो ? दाममा कम गर्छ कि गर्दैन ?" मैले भनेँ, "तिमी लिने नै होइनौ, खालि किन दाम मात्र सोधिरहेछौ ?" तब मतर्फ फर्केर हाँस्न लाग्यो ।

"संसारी मानिसहरूको यही चाला हो । पाँचजना मानिस आउन्-जाउन्, बजारमा खुब नाम चलोस् ।"

"ऊ अधरको घर गएको थियो । मैले उसलाई भनेँ, "तिमी अधरकहाँ गएका रहेछौ, अधरलाई बडो आनन्द भएको थियो ।" अनि उसले हे, हे गर्दै सोध्यो, "हो साँच्चै, अधरलाई आनन्द भएको थियो ?"

"यदुकहाँ अर्को एकजना मल्लिक आएको थियो, बडा चतुर र शठ खालको थियो, उसका आँखा नै देखेर मैले जानेँ ।

उसका आँखा ताकेर मैले भनेँ, चङ्ख हुनु ठीक होइन, काग बडो चलाख हुन्छ तर बिष्टा खान्छ । उसलाई मैले हेर्दा बडो अभागी जानेँ । यदुकी आमाले आश्चर्यचकित भएर भनिन्, 'बाबा, तिमीलाई कसरी थाहा भयो कि ऊसँग चुन्दाम छैन ?' मैले उसको अनुहारबाटै बुझेको थिएँ ।"

नारायण आएका छन् । उनी जमिनमा बसेका छन् ।

श्रीरामकृष्ण (प्रियनाथसँग)– अँ, तिम्रो हरि त बडो असल छ ।

प्रियनाथ– यस्तो असल के छ र ? तर हो, स्वभावमा लडकपन छ ।

नारायण– आफ्नी स्त्रीलाई उसले माता भनेर बोलायो ।

श्रीरामकृष्ण– के रे । म नै त भन्नै सक्तिनँ त्यस्तो, उसले आमा भन्यो !

"(प्रियनाथसँग) कुरा यो हो कि लड्का बडो शान्त स्वभावको छ । ईश्वरतर्फ मन छ ।"

श्रीरामकृष्णले कुराकानी अर्कोतर्फ मोड्नुभयो ।

श्रीरामकृष्ण– सुन्यौ तिमीले, हेम के भन्थ्यो ? बाबुरामसँग उसले भन्यो, ईश्वर नै एक मात्र सत्य हुनुहुन्छ अनि सब मिथ्या । (सबैजना हाँस्छन् होइन, होइन, उसले आन्तरिक भावमा भनेको थियो । अनि मलाई घर लगेर कीर्तन सुनाउँछु भनेको थियो तर फेरि हुन सकेन । सुनेँ, उसले पछि भन्थ्यो रे, मैले ढोल, करताल बजाएँ भने मानिसले

के भन्लान् ? ऊ डरायो कतै उसलाई बौलाहा नभनून् ।

हरिपद घोषपाडा सम्प्रदायकी एउटी आइमाईको फन्दामा परेको छ । छोड्ने होइन । भन्छ, काखमा राखेर खुबाउँछिन् रे ! सुन, ऊ भन्छ, तिनको ऊप्रति गोपाल (बालकृष्ण) भाव छ रे ! मैले त धेरै चोटि सावधान गरिसकेँ । भन्न त वात्सल्य भाव हो तर त्यही वात्सल्यबाट नीच भाव पैदा हुन्छ ।

"कुरा यो हो कि स्त्रीहरूदेखि निकै पर रहनुपर्छ, तब कतै गएर ईश्वर-दर्शन हुन्छ । जसको नियत खराब छ, त्यस्ता सबै स्त्रीहरूको पास आउने-जाने गर्नु वा तिनका हातका केही कुरा खानु बडोहानिकारक हुन्छ । तिनीहरूले उसको सत्व-हरण गर्छन् ।"

"बडो सावधानीपूर्वक रह्यो भने कतै भक्तिको रक्षा हुन्छ । भवनाथ, राखालहरूले एक दिन आफ्नै हातले मन्दिरको बगैँचामा वन-भोजन पकाए । सबैका सबै भोजन गर्न बसे, त्यसैबखत एकजना बाउल कताबाट आएर तिनीहरूको पङ्क्तिमा बस्यो र भन्न लाग्यो, 'म पनि खान्छु ।' मैले भनेँ, 'सबैलाई पुग्ने खाना छैन, बाँकी रहिगयो भने तिमीलाई दिइनेछ ।' ऊ रिसाएर उठेर गयो । विजया-दसैँको दिन जो आएर ख्वाए पनि खाने गर्छन्, सो राम्रो होइन । शुद्धसत्व भक्त हो भने, तब उसको हातको खाना सकिन्छ ।"

"स्त्रीहरूसँग बडो होसियारीसाथ रहनुपर्छ । गोपाल भाव राखेको हो भन्ने जस्ता कुराहरूतर्फ विल्कुल ध्यान दिनुहुन्न । स्त्रीहरूले तीनै लोकलाई बसमा पारेका छन् । कति यस्ता स्त्रीहरू छन्, जो जवान उमेरका केटाहरूलाई देखेर नयाँ जाल फैलाउँछन् । गोपालभाव यसैले हो ।"

"जसलाई कुमार अवस्थामा नै वैराग्य हुन्छ, जो केटाकेटी बेलैदेखि नै ईश्वरका लागि व्याकुल भएर हिँड्छन् । तिनको श्रेणी अलग्गै हुन्छ । उनीहरू शुद्ध-कुलीन हुन् । ठीक-ठीक वैराग्य भएकोहुँदा उनीहरू आइमाईहरूदेखि पचास हात टाढा रहन्छन्, यसैकारण कि उनीहरूको भाव कतै भङ्ग नहोस् ।"

"उनीहरू आइमाईको फेरमा परे भने, शुद्ध-कुलीन रहँदैनन्, भग्न भावका हुन्छन् अनि तिनको स्थान तल खस्किन्छ । जसको विल्कुल कौमार-वैराग्य छ, तिनको स्थान माथि हुन्छ, तिनका देहमा एकरत्ति दाग लाग्दैन ।"

"जितेन्द्रिय कसरी हुन जाने ? आफूमा स्त्रीभाव आरोपित गर्नुपर्छ । म धेरै दिनसम्म सखीभावमा थिए । आइमाईहरूको जस्तो कपडा र आभूषण लाउँथेँ, त्यसै गरी सारा देह पनि छोप्थेँ । नभए त आफ्नी स्वास्नीलाई आठ-आठ महिना तब कसरी सँगै राख्न सक्थेँ ? हामी दुवै नै आमाका जगदम्बाका सखीहरू थियौँ ।"

"म आफूलाई पु (पुरुष) भन्न सक्तिनँ । एक दिन म भावावस्थामा थिएँ, उसले (श्रीरामकृष्णकी धर्मपत्नीले सोधी, मलाई हजुर के ठान्नुहुन्छ ? मैले भनेँ, आनन्दमयी माता । एउटा मतमा छ, जसको स्तनमा मुन्टो हुन्छ त्यो स्त्री हो, अर्जुन र श्रीकृष्णका स्तन स्थानमा मुन्टा थिएनन् ।"

"शिवपूजाको भाव थाहा छ ? शिवलिङ्गको पूजा मातृस्थान र पितृस्थान दुवैको पूजा हो । भक्त यो भनेर पूजा गर्छ, भगवान्, अब फेरि जन्म लिन नपरोस् । शोणित, शुक्रको भित्रबाट मातृस्थान हुँदै फेरि नआउनुपरोस् ।"

अनुवादक- प्रा.डा. शङ्करराज पन्त, मैतीदेवी

श्रीरामकृष्ण वचनामृतबाट अनुवादित

श्रीरामकृष्णवचनसुधा

नेपालीमा !

श्रीरामकृष्ण परमहंसको दैनिकीमा आधारित आध्यात्मिक ज्ञानको बहुउपयोगी पुस्तक 'श्रीरामकृष्णवचनामृत'को नेपाली संस्करण श्रीरामकृष्ण वचनसुधा प्रकाशन भएको छ । पुस्तक प्राप्तिको निम्ति सम्पर्क गर्नुहोला-



श्रीरामकृष्ण आश्रम, नेपाल

ज्ञानेश्वर काठमाडौं,

मो. ९८६२५९६५७२

श्रीस्वस्थानीः कथा सार

सहप्रा. डा. विनुबाबा अर्याल

चाडपर्व, व्रत, उत्सव र त्यौहारहरू हाम्रा धरोहरहरू हुन् । तिनको आफ्नो गरिमा, महिमा एवम् गहन आध्यात्मिक रहस्य र पृष्ठभूमि छ । व्रत, पर्व, उत्सव हाम्रो लौकिक तथा आध्यात्मिक उन्नतिको लागि चाहिने सशक्त साधन हुन् । यिनीहरूबाट प्राप्त आनन्द, उल्लास, जिन्दगीलाई संयमित बनाउने आधारहरू, देव आराधना, लक्ष्यप्रति जागरूकता, अन्तःकरणको शुद्धि, वाह्य वातावरणमा पवित्रता जस्ता कुराहरूबाट नै जीवन जिउने प्रेरणा मिल्दछ । वास्तवमा सम्पूर्ण सृष्टिको उद्भव आनन्दबाट नै हुन्छ र यो सृष्टि पनि आनन्दमानै स्थिर हुन्छ । दुःख, भय, शोक, मोह, अज्ञानलाई हटाउन र अखण्ड आनन्दको प्राप्ति नै व्रत, पर्व, उत्सवहरूको लक्ष्य रहेको हुन्छ ।

शाब्दिक अर्थबाट केलाउँदा बर्ता नगर्नु, संयमित भएर अनुशासनको दायरामा रहेर आफ्नो स्वलाई सम्झेर आफ्नो स्थानलाई बुझेर गरिने, गर्नुपर्ने कर्महरू धेर थोर नगरी मध्यम बाटाबाट केलाएर गरिने कर्मलाई अठोटपूर्वक, विशेष प्रतिज्ञा गरी नियमितका साथ गरिनेलाई व्रत भनिन्छ । हिन्दु धर्ममा पालना गरिँदै आएका विभिन्न व्रत मध्ये स्वस्थानी व्रत पनि एक विशेष व्रत हो ।

स्व आफ्नो स्थायी ठाउँ हो र त्यो सबैले पालना गर्नुपर्दछ । स्वकर्मले, स्वठाउँले, स्वधर्मले, स्वजनले, स्वजातिले, स्वराष्ट्रले र आफ्नो घर वा आफ्नो स्वविवेकले गरेका कर्मले आफ्नो हित गर्दछ । स्वधर्मसँग सम्बन्धित साधना पद्धति श्रीस्वस्थानी व्रतले मूलत भुक्ति, मुक्तिको उच्चतम अवस्थालाई प्रतिनिधित्व गर्दछ । अतः स्वले आफूसँग सम्वन्धित आध्यात्मिक पक्षको प्रतिनिधित्व गर्दछ । स्थान शब्दले एक अर्थमा बाहिरी भौगोलिक स्थान वा तीर्थरूपी पवित्र स्थल जो आध्यात्मिक रूपले शक्ति सम्पन्न अवस्थामा हुन्छ त्यस्तो स्थानलाई जनाउँछ । अर्को अर्थमा मानव चैतन्यको आध्यात्मिक स्वस्थान वा आत्मिक केन्द्र अर्थात् मानव आत्माको केन्द्रीय सत्तालाई जनाउँछ । जुन निराकार, स्थिर विन्दुको रूपमा रहेर पनि विश्व ब्रह्माण्डलाई चलाइरहेको हुन्छ । जो स्वयम् एक विन्दुबाट विराट सिन्धु रूपमा प्राप्त हुने त्यस्तो ब्रह्माण्डीय

लीलालाई स्वअनुभूतिका साथ प्रकाशित गर्दछ ।

श्रीस्वास्थानी व्रत कथा पुस्तकको अध्याय प्रारम्भ हुनुअघि कथाको १५ वटा संस्कृत श्लोकहरूलाई स्कन्दपुराणको माहेश्वर खण्ड अन्तरगत केदार खण्डमा रहेको शिव पार्वती सम्वादको रूपमा उल्लेख गरिएको छ । यस स्वस्थानी व्रतकथालाई स्कन्दपुराणको केदार खण्डको

माघ महात्म्यसँग जोडेर व्याख्या गरिएको छ ।

परापूर्व कालमा महादेव पुत्र कुमारले अगस्त्यमुनिलाई श्रीस्वस्थानी परमेश्वरीको महात्म्यको आधारबाट सृष्टिको चक्र ब्रह्माण्डको वर्णन गर्नुभएको छ । अनन्त कोटि ब्रह्माण्डका नायक सृष्टिकर्ता परमात्माले आफूलाई तीन रूप ब्रह्मा, विष्णु र महेश्वरको रूपबाट सृष्टि गर्ने, पालन गर्ने र नाश गर्ने देवताको रूपबाट प्रकट गरी सृष्टिको निम्ति अहंकार पञ्चमहाभूत, ज्ञानेन्द्रिय मन, बुद्धि, पञ्चतन्मात्रा शब्द, स्पर्श, रूप, रस र अन्ध आदिले सहि भएको चराको फूल जस्तो आकारको एउटा अण्ड उत्पत्ति गराए । त्यो अण्ड ब्रह्ममय हुनाले त्यसलाई ब्रह्माण्ड भनिएको हो । त्यो अण्ड फुटेर दुई भाग भएपछि एक भागको प्रकृति र अर्को भावगको पुरुष बन्दछ । त्यो प्रकृति र पुरूषबाट नै चतुर्मुखी ब्रह्मा भएर सृष्टि गर्दछन् र पञ्चमुखी रूद्र भएर संहारका सम्पूर्ण कार्यहरू गर्दछन् । उत्पत्ति कालमा शिव, ब्रह्म, ईश्वर ईश्वरीय जगत् उ मा (उमा) आश्रित भई एकात्मक भै सहकार्य गर्द विस्तार भएको छ । शिव र उमाको कथा नै श्रीस्वस्थानी हो ।

पौष शुक्ल पूर्णिमादेखि माघशुक्ल पूर्णिमासम्म दिनहुँ विहान नुहाइ सूर्यलाई अर्घ्य दिइ आफ्नो कुल देवता साथै चतुर्भुज नारायणको एक स्वर्ण मूर्ति साक्षी राखी उनैको उपासनाका साथ दिनको एक छाक मात्र भोजन गरी श्रीस्वस्थानी व्रतकथा सुनी यो व्रत लिन्छन् । साँखुमा रहेको हालको स्वर्णमूर्ति करिब २०० वर्ष पुरानो रहेको र श्रीखण्डद्वारा निर्मित सो मूर्तिलाई स्थानीय श्री जीनगोविन्द भारो र भाजुराम भारोले जीर्णोद्धार गरी प्रतिष्ठापन गरेको भन्ने भनाइ छ । स्कन्दपुराण अन्तर्गत केदार खण्डको माघ महात्म्यमा वर्णन भए अनुसार शाली नदीको तिरमा अवस्थित रमणीय कलात्मक एवम् पाटी पौवा, धारा पोखरी, ढोकाहरूसमेतले सुसज्जित लावण्यदेश नामको नगर भनी हालको साँखुलाई संकेत गरिएको हो । स्वर्गदेखि अप्सराहरू समेत आएर यहाँ माघस्नान र श्रीस्वस्थानीदेवीको पूजा उपासना गरेकोले पनि यो क्षेत्र पुण्यस्थल भएको हो भन्ने जनधारणा छ ।

स्वस्थानी व्रतकथा अनुसार सत्ययुगमा हिमालयकी पुत्री पार्वतीले महादेवलाई पति पाउन यो व्रत गरेकी थिइन् । व्रत गर्दा स्वस्थानीको स्वरूपलाई आफ्नो मानसपटलमा राखेर जप पूजा ध्यान गरिने हुँदा उनको स्वरूप बारेमा वर्णन गरिन्छ । स्वस्थानी देवी सुवर्ण वर्णकी, तीननेत्रधारी, प्रसन्न मुद्रामा रकेही कमलनयनी, सिंहासनमा बसेकी, चार हात भएकी, एक हातमा नीलकमल, अर्को हातमा शंख र अर्को हातमा ढाल अनि चौथो हात वरद मुद्रा लिएकी देवीले आफ्नाा भक्तजनहरूको मनोकाङ्क्षा पूरा गर्छिन् भन्ने जनविश्वास रहेको छ ।

मणिशैल पर्वतको शिखरबाट बगेकीले यी पवित्र नदीको नाम शैलनदी हो । शैलनदी अपभ्रम्स भएर शालीनदी नाम रहन गयो । साँखु क्षेत्रबाट उत्तर–पूर्व र दक्षिण भएर बगेकी शालीनदी पछि चाँगुनारायणको फेदीबाट मनमती नदीसँग मिलेपछि मनोहरा नदीको नामबाट बग्दै गएर पाटन इलाकातिर वाग्मतीसँग मिसिन्छिन् । यसरी शैलजा (मणिशैल) पर्वतबाट उत्पत्ति भई शालीनदी वाग्मतीसँगै गंगानदीमा मिसिएर आफ्नो अन्तिम लक्ष्य हिन्दमहासागरमा विलीन हुन्छिन् । स्वस्थानी व्रत परम्पराको संरक्षण गर्दैआएको शालीनदीस्थित सङ्खरापुर अर्थात् साँखुको आफ्नो ऐतिहासिक महत्त्व छ । जसको उचित संरक्षण हुन सकेको छैन तापनि स्वस्थानी व्रतकथामा शालीनदीको नाम उल्लेख भएएबाट शालीनदी क्षेत्रले स्वस्थानी व्रतकथाको केन्द्रविन्दुको रूपमा ख्याति पाएको छ । श्रीस्वस्थानी संस्कृतिले स्थानीय दिव्यस्थलको विशेष संरक्षण वोध गराउँछ ।

स्वस्थानी व्रतकथाको सारको दृष्टिले दुईवटा खण्डमा विभाजन गरिएको छ । पहिलो खण्डमा सृष्टिको वारेमा चर्चा छ भने दोस्रो खण्डमा स्वस्थानी व्रत विधि तथा स्वस्थानीको महत्त्वको वारेमा चर्चा गरिएको छ । सृष्टिको चर्चा गर्दा देवलोक, पाताल र मर्त्यलोकको सृष्टि सन्दर्भलाई अलग अलग रूपमा क्रमशः चर्चा गरेको पाइन्छ ।

१. स्वस्थानी व्रतकथाको प्रथम अध्याय

ब्रह्माण्डको सृष्टिको वर्णनको चर्चा गर्दै कुमारले अगस्त्य मुनिलाई यस सृष्टिको क्रम, ब्रह्माण्डको नायक सृष्टिकर्ता परमात्माले आफूलाई तीनरूप ब्रह्मा, विष्णु र महेश्वरको रूपबाट प्रकट गरी सृष्टिको कार्य गर्ने बताए । यस प्रथम अध्यायमा जल, समुद्र र पर्वतको चर्चा गरिएको छ । ब्रह्माको एक दिनमै सत्य, त्रेता, द्वापर र कली चारै

युग घुम्दछ, रात्रिमा प्रलय गर्दछ । यस किसिमले दिन रात वितेर ब्रह्माको सय वर्ष पुगेपछि महाप्रलय हुन्छ । यसरी ईश्वरकै इच्छाले सृष्टि र प्रलय हुन्छ । अनन्तकोटि ब्रह्माण्डको गणना गर्न सकिँदैन जति ब्रह्माण्ड छन् उति नै ब्रह्मा, विष्णु तथा दिक्पाल आदि भिन्न भिन्न छन् ।

२. दोस्रो अध्याय

दोश्रो अध्यायमा पनि सृष्टिकै चर्चालाई निरन्तरता दिइएको छ । क्षीर सागरमा सहस्र शिर भएका शेष नागमा शयन गरेका बेला भगवान् विष्णुको नाभिबाट कमलमा चार मुख भएका ब्रह्मा उत्पन्न भएर जगत्को सृष्टि गर्ने विचार गरे । त्यसै बखत विष्णुको कानेगुजीबाट मधु र कैटव नाम गरेका दैत्य उत्पत्ति भएको र ती दैत्यहरूबाट त्रसित भएका ब्रह्माले योगमायाको सहारा लिन उनको आराधना गरेको, विष्णुले दैत्यहरूलाई मारेको, उनीहरूको बोसो जमेर पृथ्वी, मासुले पर्वत, हाड पथ्थर (ढुङ्गा) भएको, ब्रह्माले संसारको सृष्टि गर्न महादेवको आराधना गरेको, महादेवले ब्रह्मालाई विष्णुको आराधना गरी सृष्टिको कार्य गर्न सल्लाह दिएको, विष्णुको आज्ञाले ब्रह्माले चौध भूवन (भूर्लोल, भूवर्लोल, जनलोक, तपलोक, सत्यलोक, अतल, वितल, सुतल, महातल, रसातल लगायतका) सृष्टि गरेको प्रसङ्ग छ ।

३. तेस्रो अध्याय

यस अध्यायमा दक्षप्रजापतिको छोरी सतीदेवीलाई पाउन महादेवले गरेको प्रयत्न, दक्षप्रजापतिले अनेक निन्दा गरेर आफूलाई सतीदेवी नदिएपछि विष्णुले आफूबाट गरिने छलबाट सतीदेवीलाई महादेवको हातमा सती पार्ने आश्वासनको प्रसङ्ग छ ।

४. चौथो अध्याय

यस अध्यायमा विष्णुले छलद्वारा दक्षप्रजापतिले दिने कन्यादानमा सतीदेवीको हात वृद्ध महादेवको हातमा पार्न सफल भएको, वृद्ध संन्यासी स्वरूपमा शिव र सतीदेवी बीचको वार्तालाव, आफ्नो कर्ममा लेखेकोलाई स्वीकारोक्ति, सतीदेवीलाई पहिले झुपडी र पछि पर्वत मणिमाणिक्यले सजिएको कैलाश दरवारमा लगी गाईको गोवरले मण्डलाकार पारेर लिप्न लगाई निर्मल स्फटिकजस्तो सेतो वर्ण विश्वम्भर मूर्तिको दर्शन सतीदेवीलाई दिएको प्रसङ्ग छ ।

५. पाँचौं अध्याय

यस अध्यायमा त्रिपुरासुरले गरेको तपस्याको वर्णन र त्रिपुरासुरलाई महादेवले भष्म गराएको बारेको चर्चाका साथै दैत्यहरूले देवताहरूप्रति गरेको भक्तिबाट शक्ति लिएर देवताहरूमाथि नै गर्ने अत्याचारी दैत्यलाई भष्म गर्न देवताहरूले गरेको प्रयत्नको प्रसङ्ग वर्णन गरिएको छ ।

६. छैटौं अध्याय

यस अध्यायमा आफ्ना बाबा दक्षप्रजापतिले श्रीमहादेवलाई नबोलाएको र आफ्नो पति श्रीमहादेवको विभिन्न अवगुणहरूको चर्चा गरी अपमान गरेकोमा आक्रोसित भई सतीदेवीले यज्ञकुण्डमा हामफालेर देहत्याग गरेको प्रसङ्ग छ ।

७. सातौं अध्याय

यस अध्यायमा नारदमुनिबाट सतीदेवीको देहत्यागको खवर सुनेर विक्षिप्त हुनुभएका महादेवले त्यसको बदला लिन महाकाली, वीरभद्र प्रकट गराई दक्षप्रजापतिमाथि आक्रमण गरेको र दक्षप्रजापतिको पक्षबाट विष्णुले महादेवको सेना नष्ट गरेकोले महादेवले महाकालीलाई प्रकट गराई युद्धको नेतृत्व गराएको सन्दर्भ छ ।

८. आठौं अध्याय

यस अध्यायमा दक्षले महादेवको निन्दा गरी पशुतुल्य व्यवहार गरेकोले महादेवका सेनाहरूले दक्षको शिर काटेर यज्ञकुण्डमा होम्दा दक्षकी धर्मपत्नी विरणीको याचना स्वरूप महादेवले बोकाको टाउको जोडेर उसलाई पुनर्जीवित गराएको र पुनर्जीवित भएपछि दक्षले आफूले गरेको गल्तीको क्षमा याचना गरेको, अर्कोतर्फ महादेव, सतीदेवीको शरीर बोकेर भौतारिँदै पृथ्वी भ्रमणमा हिंडेको प्रसङ्ग छ ।

९. नवौं अध्याय

यस अध्यायमा सतीको वियोगबाट विक्षिप्त भएका महादेवले आफ्नो मृत पत्नी सतीदेवीको लाश बोकेर हिंडिरहेकोमा दुःखित भएका देवताहरूको आग्रहस्वरूप विष्णु भगवान्‌ले सतीको अङ्ग गलाएर नष्ट गर्न उत्पन्न गराएको भौंगाहरूबाट सतीदेवीको अङ्गहरू नष्ट हुँदै पृथ्वीमा झर्न लागेको र जहाँ जहाँ अङ्ग झरेको छ त्यहाँ महादेवको ज्योतिर्लिङ्ग उत्पत्ति भएको प्रसङ्ग छ ।

१०. दशौं अध्याय

यस अध्यायमा सतीदेवीको हरेक अङ्ग पतन भएको स्थानहरूमा विभिन्न स्वरूपमा शक्ति पीठहरूको उत्पत्ति भएको र त्यसको संख्या ७ करोड ५० लाख पुगेको सन्दर्भ रहेको छ ।

११. एघारौं अध्याय

यस अध्यायमा सतीदेवीको लाश बोकेर विक्षिप्त भएर हिंडेका महादेवले लाश सबै पतन भएर झरी सक्दा पनि थाहा नपाएको अवस्था र गङ्गा स्नान गर्न गएका ऋषिपत्नीहरू महादेवको लिङ्ग आकर्षणबाट पछि लागेको देखेर ऋषिहरूले महादेवको लिङ्ग पतन हुने श्राप दिएको कारणबाट उहाँको लिङ्ग पतन भई ज्योतिर्लिङ्ग उत्पन्न भएको सन्दर्भ पाइन्छ ।

१२. बाह्रौं अध्याय

यस अध्यायमा प्रवेश गरेपछि स्वस्थानी व्रतको प्रसङ्ग आरम्भ भएको सिलसिलामा हिमालय तथा मेनकाले आफ्नी पुत्री पार्वतीलाई भगवान् विष्णुलाई कन्यादान दिन खोज्दा महादेवसँगको असक्ति दर्शाएर पार्वतीले विष्णुसँग विवाह नगरेको र विष्णुले महादेव स्वामी प्राप्त गर्न स्वस्थानी माताको व्रत बस्ने सुझाव दिए अनुरूप पार्वतीले महादेव स्वामी प्राप्त गर्न स्वास्थानी व्रत बसेको प्रसङ्ग छ ।

१३. तेह्रौं अध्याय

यस अध्यायमा पार्वतीले पौष शुक्ल पूर्णिमादेखि स्वस्थानी परमेश्वरीको पूजा आरम्भ गरेको, तारकासुर दैत्यको नाश, महादेवको तपस्या भङ्ग गर्न कामदेवको स्तुति, पार्वतीको आफूप्रतिको प्रेम जाँच्न महादेवले आफ्नो स्वरूप बदली इन्द्रस्वरूपबाट महादेवलाई निन्दा गरी आफूप्रति पार्वतीको असीम प्रेम भएको थाहा पाएर महादेवले पार्वतीलाई आफ्नो स्वरूपको दर्शन दिएको प्रसङ्ग छ ।

१४. चौधौं अध्याय

यस अध्यायमा स्वस्थानी माताको अनुकम्पाबाट आफूले महादेव पति प्राप्त गरेकोले माता पार्वतीले स्वस्थानीको महत्त्व जनसमक्ष पुर्‍याउन अश्वत्थामा ऋषिलाई अह्राएको सन्दर्भ छ । किराँतेश्वर महादेवले किराँतिनी स्वरूपकी पार्वतीसँग विवाह गर्ने इच्छा राखेको र पछि पार्वतीको छलबाट महादेव लज्जित भएको प्रसङ्ग छ ।

१५. पन्ध्रौं अध्याय

यस अध्यायमा पार्वतीको मयलबाट गणेशको जन्म भएको, माताको अज्ञा स्वरूप श्रीमहादेवलाई बाटो छेकेकोले आक्रोसित भएका महादेवले गणेशको शिर छेदन गरेको र पार्वतीको पीडालाई शान्त गर्न महादेवले हात्तीको टाउको जोडेर गणेशलाई व्युताएको, महादेव र पार्वती रासलीलामा बसेको बेलामा एक भिक्षुको आगमनमा क्रोधित भएर आफ्नै वीर्य भिक्षा दिएर पठाउँदा अग्नि गर्भवती भएकी र त्यसै प्रसङ्गबाट कार्तिकेयको जन्म र तारकासुरलाई मार्न इन्द्र विष्णु, कार्तिकेय र देवताहरू बीच भएको सहकार्य बारेमा प्रस्तुति छ ।

१६. सोह्रौं अध्याय

यस अध्यायमा रावणले देखाएको भक्तिबाट प्रसन्न हुनुभएका महादेवले दिनुभएको वरदान स्वरूप रावणले पार्वती मागेर लगेको, विष्णुले छलगरी पार्वती फिर्ता ल्याएको जालन्धरले पार्वतीलाई पाउन शिवरूप धारण गरी छल गरेको, विष्णुले जालन्धरको पत्नी वृन्दाको सतित्व डगाउने संकल्प लिएको सन्दर्भ पाइन्छ ।

१७. सत्रौं अध्याय

यस अध्यायमा जालन्धरकी पत्नी वृन्दाको सतीत्व नडगाई जालन्धरको अन्त्य नहुने भएपछि विष्णुले जालन्धरको रूप धारण गरी गएकोमा वृन्दाले आफूमाथि विष्णुको छल थाहा वाएर उल्टै वृन्दाबाट विष्णु थुनिनु परेको र महादेवले वृन्दाको थुनाइबाट विष्णुलाई एक भिक्षुक पठाइ मुक्त गरेको, यस कार्यको बदला लिन महादेव

र जालन्धरको युद्ध भइरहँदा जालन्धरलाई हराउन फेरि विष्णुले जालन्धरको भेषबाट वृन्दाको सतित्व हरण गरेको, जालन्धरको मृत्यु भएको, वृन्दाले आफ्नो पति मरेकोमा विष्णुलाई श्राप दिएको प्रसङ्ग छ ।

१८. अठारौं अध्याय

यस अध्यायमा वृन्दाले आफूमाथि छलगरी पति जालन्धरको हत्या गरेकोमा विष्णुलाई तुलसी, कुश, पिपल, शालिग्राम भएर रहनु भन्ने श्राप दिएकोले विष्णु यिनीहरू अनुसारमा रही पुजिने गरेको प्रसङ्गका साथै उमाको आदेशले स्वस्थानी परमेश्वरीको व्रत गराई दुःखी दरिद्रीहरूको उद्धार गरेको सन्दर्भलाई समेटिएको छ ।

१९. उन्नाइसौं अध्याय

यस अध्यायमा मर्त्यमण्डलमा रहेका धेरै दुःखी दरिद्र ब्राह्मण र उनकी पत्नी सती ब्राह्मणीको वर्णनको साथै शिव भट्ट ब्राह्मणले गरेको सिद्धिविनायकको भक्तिबाट धन सम्पत्ति र सिद्धिविनायककै आदेशबाट गोमा कन्या उत्पन्न भएकी र शिव भट्ट ब्राह्मणले गरेको दान धर्मबाट सम्पूर्ण देवताहरू त्रसित भई महादेवलाई त्यसको समाधान गर्न अनुरोध गरेपछि महादेवले भिक्षुक रूपबाट गोमा ब्राह्मणी, शिव भट्ट, सती ब्राह्मणीले दुःख पाउने सराप दिएको प्रसङ्ग उल्लेख छ ।

२०. बीसौं अध्याय

यस अध्यायमा गोमा कन्याको लागि बर खोज्दै गर्दा सत्तरी वर्षको ब्राह्मण शिव शर्माले सात वर्षकी कन्या आफूलाई मागेको र नदिएकोमा आत्महत्या गर्ने धम्की दिएकोले गोमा कन्या त्यस ब्राह्मणलाई दिने निधो गरी कन्यादान दिएको सन्दर्भ छ ।

२१. एक्काइसौं अध्याय

यस अध्यायमा शिव भट्टको घरमा आठ दश वर्ष बिताएपछि शिव शर्मा ब्राह्मण र गोमा वृद्ध आमाबाबुलाई छोडेर हिंडेको प्रसङ्ग छ ।

२२. बाइसौं अध्याय

यस अध्यायमा छोरीज्वाइ गएको हेर्न रूखमा चढ्दा रूखबाट लडेर शिव शर्मा ब्राह्मणको मृत्यु भएको र महादेवका दूतहरू आएर उनलाई कैलाशमा लगेको, अर्कोतर्फ घरतर्फ जाँदै गर्दा विवाहमा प्राप्त गरगहना चोरी भएको, गर्भिणी गोमालाई खुवाउन भिक्षा माग्न हिंडेका शिव शर्माको फलफूलको रूखबाट खसेर मृत्यु भएको, दुःखै दुःखमा जीवन बिताउँदै गोमाले पुत्र नवराज जन्माएको र पछि हुर्किंदै गएपछि चन्द्रावती कन्यासँग विवाह भएको र छिमेकी एवम् साथीभाइले विना बाबुको छोरा भनी सम्बोधित भएपछि नवराजले बाबु खोज्न जाँदा बाबु रूखबाट खसेर मृत्यु भएको खवर पाएपछि आमाकहाँ नफर्की विदेशिएको सन्दर्भ छ ।

२३. तेइसौं अध्याय

यस अध्यायमा आर्थिक सङ्कटबाट ज्यादै दुःखित भएकी गोमाले गरेको महादेवको प्रार्थनाले माता पार्वतीले महादेवसँग गोमालाई दुःखबाट छुटकारा दिलाउन स्वस्थानी व्रत बस्ने सल्लाह दिन उपयुक्त हुने भएकोले सप्त ऋषिहरूमार्फत दुःखबाट छुटकारा पाउन स्वस्थानीको महत्त्व दर्शाएर स्वस्थानीको व्रतको विधि सिकाइदिएको सन्दर्भ छ ।

२४. चौवीसौं अध्याय

यस अध्यायमा गोमा ब्राह्मणीले स्वस्थानी व्रत लिएर स्वस्थानी परमेश्वरी र महादेवको भक्तिपूर्वक गरेको पूजा, स्तुतिको प्रभावबाट नवराज फर्की आएको, गङ्गास्नान गर्दा हरिहर प्रकट भई नवराजलाई लावण्य देशको राजा हुने वरदानबाट गोमाले हर्षित भई दिएको आशीर्वादको प्रसङ्ग छ ।

२५. पच्चीसौं अध्याय

यस अध्यायमा लावण्य देशका लागि राजा खोज्ने काममा हिंडेको हात्तीले हरिहर प्रवेश गरी नवराजलाई अभिषेक गरेको, लावण्यवतीको कन्यादान ग्रहण गर्दै नवराज लावण्य देशको राजा भएको, राज्याभिषेकको सुखद अवसरमा आमालाई लिन पठाएको, अर्काको घरमा काम गर्दै जीवन चलाउँदै गरेकी गोमा पाल्कीमा चढेर दरवारतिर लागेको दृश्यले सबैलाई अचम्मित पारेको प्रसङ्ग छ ।

२६. छब्बीसौं अध्याय

यस अध्यायमा राजगद्दीमा बसेपछि गोमा ब्राह्मणीले राज्यका सम्पूर्ण ब्राह्मणहरूलाई आमन्त्रण गरी भोजन, दान, दक्षिणा प्रदान गर्न सल्लाह दिएकी, माइतमा बसेकी नवराजकी पत्नी चन्द्रावतीलाई दरवारका डोलेहरूमार्फत

लिन पठाएकी, आफ्नो पति घरमा नहुँदा सासुलाई एक्लै छोडेर माइत बस्ने पापिनी पनि रानी भएकी भन्दै सबैले कुरा गरेका, डोली चढी दरवार जाँदा बाटोमा अप्सराहरूले त्यहाँ केही समय अडेर पूजा गरेको प्रसङ्ग छ ।

२७. सत्ताइसौं अध्याय

यस अध्यायमा डोलेहरूले स्वीथानीको पूजा गरी ल्याएको प्रसादलाई चन्द्रावतीले अनादर गरी थुकेर तिनीहरूलाई गाली गर्दाको पापले त्यतिनै बेला हुरीबतास सहितको अत्याधिक वर्षा भई शालिनदी तर्न लाग्दा चन्द्रावती डोलीबाट खसेर शालीनदीमा परेकी र डोलेहरू भने स्वस्थानी माताको प्रभावले कैलाश पुगेको प्रसङ्ग छ ।

२८. अठ्ठाइसौं अध्याय

यस अध्यायमा शालीनदीमा खसेर भयानक कुष्टरोगकी शिकार बनेकी चन्द्रावतीले कपिल ब्राह्मणले दरवारबाट मागेर ल्याएको खाना खान लाग्दा खरानी भएको, त्यो पनि खान लाग्दा ठूलो बतास आइ उडाइ लगेको, त्यस्तै सोही नदी किनारामा पौष शुक्ल पूर्णिमामा स्वस्थानी माताको व्रत बस्न आएका अप्सराहरूको संगतबाट आफ्नो विगतको गल्तीको प्रायश्चित गर्दै श्रीस्वस्थानी माताको व्रत आरम्भ गरेको सन्दर्भ छ ।

२९. उनन्तीसौं अध्याय

यस अध्यायमा चन्द्रावतीको व्रत पूरा भएपछि उनले नदीमा बगाएको रोटी प्राप्त गरेपछि सँगै खान भनी इच्छाले खोज्दै जाँदा छुट्टिएका नागनागिनीको १२ वर्षदेखि भेट भएको र उनीहरूले व्रतकर्तालाई आशीर्वाद दिएको, राजा नवराजले चन्द्रावतीको खवर पाएपछि वस्त्रालंकार सहित उनलाई लिन पठाएको सन्दर्भ छ ।

३०. तीसौं अध्याय

यस अध्यायमा चन्द्रावतीले दरवारमा पुगेर आफ्ना पति नवराज र सासु गोमालाई दण्डवत गरी स्वस्थानी माताको अवहेलना गर्दा पाएको दुःख र स्वस्थानी माताको पूजा गर्दा पाएको सुखको वर्णन गरेको प्रसङ्ग छ ।

३१. एकतीसौं अध्याय

स्वस्थानी व्रतकथाको अन्तिम तथा एकतीसौं अध्यायमा चन्द्रावती र गोमा ब्राह्मणीले विगतमा दुःख पाएको र स्वस्थानी व्रतको कृपाबाट सुख सम्पन्न, ऐश्वर्य, राजगद्दी आफूहरूले पाएको बताउँदै उहाँको महत्त्वको गुणगान मुग्धकण्ठले गरेको र बुहारीहरूलाई आशीर्वाद दिएको, बुहारीहरूले पनि सासु गोमाप्रति आफूहरू कृतज्ञ भएको भाव व्यक्त गरेको सन्दर्भ जोड्दै जसले स्वस्थानी व्रतकथाको पुस्तक घरमा राख्ला, विधिपूर्वक सुन्ला, सुनाउला त्यसको सबै दुःख नाश हुने मृत्युपछि पनि कैलाशमा बास पाउने छ भन्ने सुनाएपछि यस स्वस्थानी व्रतकथाको विट मारिएको छ । ❖

–बत्तीसपुतली, काठमाडौं

सडकमा वेवारिसे छाडिएका गाईबाच्छा, साँढेहरूको
संरक्षणमा हातेमालो गरौं ।

पृथ्वी सबैको साझा घर हो। यहाँ सबै प्राणीहरूले बाँच्न पाउने अधिकारको सुनिश्चितता गरौं। हरेक दिन गाईबाच्छाहरूका लागि केही दान गरौं। जन्मोत्सव, विवाहोत्सव आदि शुभकार्यहरू र अन्य उत्सव या स्मृतिमा गौमाताको सेवामा केही योगदान गरौं। आफू पनि बाँचौं र अवोध प्राणीहरूलाई पनि बचाऔं। सेवा नै सबैभन्दा ठूलो धर्म हो। जय गौमाता !

नन्दी सेवा स्थल

मन्दिर गाई बाच्छा बचाऊ तथा समाज विकास अभियान

फूल पसल लाइन, वनकाली, सम्पर्कः ९८०८२९७४८५, ९८४१२०४००६

भगवान्का विभूतिहरू

–डा. कान्ता भट्टराई

ठूला–ठूला ऋषिमुनिहरूमा ब्रह्मा, विष्णु र शङ्करमा को ठूलो भन्ने विषयमा विवाद हुँदा यी त्रिदेवको परीक्षा लिने उद्देश्यले ब्रह्मा पुत्र भृगुलाई उनीहरू समक्ष पठाइएको थियो । यिनले त्रिदेवको परीक्षा गरी भगवान् विष्णुलाई श्रेष्ठ देवका रूपमा सिद्ध गरेका थिए ।

अतीव कोमलौ तात चरणौते महामुने
इत्युत्वा विप्रचरणौ मर्दयन् स्नेन पाणिना ॥ (भागवत १०/८९-९०)

बैकुण्ठमा हजुरको शुभागमनको जानकारी नभएकाले स्वगत गर्न सकिन । यो मेरो अपराध क्षमा गर्नुहोस् । हजुरको चरणकमल अत्यन्त कोमल छ । यति भनेर भृगुजीको चरणकमलको सेवा आफ्नो हातले गर्न थाल्नुभयो । हजुरको चरणको स्पर्शले मेरो पाप समाप्त भयो र अब हजुरको चरणबाट चिन्हित मेरो वक्षस्थलमा लक्ष्मी सदा सर्वदा निवास गर्दछिन् । भृगु, अत्रि आदि महर्षिहरूमा भृगु ठूला भक्त, ज्ञानी र तेजस्वी छन् । 'ब्रह्मर्षीणां गृगुरहं' भागवतमा पनि श्रीकृष्णले सखा उद्धवलाई विभूतिहरूको परिचय गराउँदा ब्रह्मर्षिहरूमा भृगु विभूति भएको बताउनु भएको छ । ब्रह्मर्षि र महर्षिमा भृगुको नाम आउँछ ।

सबैभन्दा पहिले तीन मात्रा भएको प्रणव प्रकट भयो । प्रणवबाट त्रिपदा गायत्री, त्रिपदा गायत्रीबाट वेद, वेदबाट शास्त्र, पुराण आदि सम्पूर्ण वाङ्मय जगत् प्रकट भयो । यी सबैको कारण र सबैभन्दा श्रेष्ठ भएकाले भगवान्ले एक अक्षर प्रणवलाई आफ्नो विभूति बताउनु भएको छ । भागवतमा पनि मन्त्राणां प्रणवस्त्रिवृत् मन्त्रमा तीन मात्रा (अ, उ र म) भएको ओमकार हूँ । अक्षरमा अकार, छन्दमा त्रिपदा गायत्री हुँ भनेर बताउनु भएको छ ।

यज्ञमा अनेक वस्तु तथा विधिहरूको आवश्यकता पर्दछ । यति गर्दा पनि केही न केही दोष रहन्छ । भगवन् नामको जपमा कुनै वस्तु या विधिको आवश्यकता पर्दैन । भगवान्को पावन नामको उच्चारणबाट सबै दोषहरू निर्मूल हुन्छन् । नाम जपबाट सबैको कल्याण हुन्छ । त्यसैले जपयज्ञलाई भगवान्ले आफ्नो विभूति बनाउनु भएको छ ।

मूलतो ब्रह्मरूपाय विष्णुरूपाय मध्यतः ।
अग्रतः शिवरूपाय वृक्षराजाय ते नमः ॥
अतः श्रुतस्त्वं सततं तरूणाम् ।
धन्योऽसि चाऽरिष्टविनाशकोऽसि ॥

भगवान्ले सम्पूर्ण वृक्षहरूमा पीपल हुँ भन्नुभएको छ । यसको मूलमा ब्रह्म, मध्यभागमा विष्णु र अगाडि शिवको निवास हुन्छ । यसमा अनेकौं रोगहरू नाश गर्ने शक्ति रहेको छ । सर्वत्र सर्वसुलभ पीपललाई भगवान्ले आफ्नो विभूति बताउनुभएको छ ।

निरन्तर भगवान्को नाम गान गर्दै हिड्ने देवर्षि नारदलाई वैकुण्ठ, कैलाश आदि पावन स्थलमा जान रोकटोक छैन । देवर्षि नारदकै प्रेरणाबाट महर्षि वेद व्यासबाट श्रीमद्भागवत महापुराणको रचना भएको हो । ब्रह्मापुत्र नारदप्रति सुर, असुर, मनुष्यको सम्मान रहेको छ । त्यसैले नारदलाई पनि भगवान्ले आफ्नो विभूति मान्नु भएको छ ।

गन्धर्वहरू भगवान् तथा यशस्वी पुरूषहरूका प्राकट्यमा हर्षित भई गाउन थाल्दछन् । कश्यप– अदिति पुत्र वामनको प्राकट्यमा अप्सराहरू प्रसन्न भएर नाच्न लागे । श्रेष्ठ गन्धर्व गाउन लागे । मुनि, देवता, मनु, पितृ र अग्नि स्तुति गर्न लागे–

प्रीताश्चाप्सरेसोऽनृत्यन्गान्धर्वप्रवरा जगुः ।
तुष्टुवर्मुनयो देवा मनवः पितरोऽग्नय ॥ (भागवत ८/१८/८)

सबै गन्धर्वहरूमा चित्ररथ मुख्य मानिन्छन् । गानाविद्यामा निपूण र गन्धर्वमा प्रमुख भएकाले श्रीकृष्णले यिनलाई विभूति भन्नुभएको छ ।

स्वयम्भुव मनु शतरूपाकी सुपुत्री देवहूति र कर्दम ऋषिको सुपुत्रको रूपमा भगवान् विष्णु नै कपिलदेवको रूपमा अवतीर्ण भएर सांख्यशास्त्रको रचना गर्नुभयो । श्रीकृष्णले सिद्धहरूमा म कपिलदेव हुँ भनेर आफ्नो विभूति बताउनु भएको छ ।

अमृत प्राप्तिका निम्ति गरिएको समुद्रमथनबाट चौध रत्नहरू जस्तो कि कामधेनु, ऐरावत, कस्तुभमणि, कल्पवृक्ष, अमृत, उच्चैःश्रवा(एक प्रकारको घोडा) आदि प्रकट भए । उच्चैःश्रवा सबै घोडाको राजा हुनुका साथै स्वर्गका राजा इन्द्रको वाहन पनि हो । त्यस्तै श्रेष्ठ हात्तीलाई गजेन्द्र भनिन्छ । सबै हात्तीमा ऐरावत प्रमुख मानिन्छ । 'राजा प्रकृतिरञ्जनत्' जनतालाई आनन्द दिने नै राजा हुन् । प्रजाको रक्षा गर्ने, उनीहरूको आजीविकाको प्रबन्ध गर्ने, प्रजालाई शासन गर्ने र मर्यादामा राख्नका निम्ति नै राजाको आवश्यकता पर्दछ ।

अहं दण्डधरो राजा प्रजानमिहयोजितः ।
रक्षिता वृत्तिदः स्वेषु सेतुषु स्थापिता पृथक् ॥ (भागवत् ४/२१/२२)

सम्पूर्ण मनुष्यमा राजा नै श्रेष्ठ हुन्छन् । साधारण मनुष्यभन्दा राजामा भगवान्को शक्ति धेरै हुन्छ । त्यसैले उच्चैःश्रवा, ऐरावत हात्ती र राजालाई भगवान्ले आफ्नो विभूति बनाउनु भएको हो ।

युद्धमा अति आवश्यकीय अस्त्र शस्त्र नै आयुध हुन् । यस्ता आयुधहरूमा इन्द्रको बज्र मुख्य मानिन्छ । यो बज्र उपासना, व्रत तथा तपस्याले दृढ बनेको ब्रह्मज्ञानी दधिचि ऋषिको शरीरको हाडबाट बनेको हो ।

यो ध्रुवेणात्मना नाथा न धर्मं न यशः पुमान् ।
ईहेत भूतदयाया स शोच्यः स्थावरैरपि ॥
एतावानव्ययो धर्मः पुण्यश्लोकैरुपासितः ।
यो भूतशोकहर्षभ्यामात्मा शोचति हृष्यति ॥
अहो दैन्यमहो कष्टं पारक्यैः क्षण भङ्गुरैः ।
यन्नोपकुर्यादस्वार्थैर्मत्यः स्वज्ञातिविग्रहैः ॥

जुन मनुष्यले नाशवान् शरीरले दुःखी प्राणीप्रति दया गरी मुख्य रूपले धर्म र गौण रूपमा यश प्राप्ति गर्ने प्रयत्न गर्दैन भने त्यो जड वृक्ष, वनस्पतिभन्दा निकृष्ट हो । ठूला-ठूला महात्माबाट अविनाशी धर्मको उपासना भएको छ । मनुष्यले प्राणीको दुःखको अनुभूति गर्नुपर्दछ र सुखमा सुखको अनुभूति गर्नु पर्दछ । यसो गर्नु नै धर्म हो । धन, जन, शरीर, क्षणभङ्गुर छन् । यी आफ्नो निम्तिभन्दा अरूको निम्ति उपयोगी हुन्छन् । मरणधर्म मनुष्यले अरूको उपकार नगर्नु अत्यन्तै कृपणता र दुःखको कुरा हो भनी परब्रह्म परमात्मामा लीन भई आफ्नो शरीर त्यागे । त्यसैले अथर्ववेदी महर्षि दधीचिको हाडबाट बनेको बज्रलाई आफ्नो विभूति भन्नुभएको छ ।

समुद्र मथनबाट प्रकट भएको कामधेनुले अग्नि होत्रको सामग्री उत्पन्न गर्दथिन् । घिउ, दूध आदि प्राप्त गर्नका निम्ति ब्रह्मवादी ऋषिहरूले उनलाई ग्रहण गरे ।

तामाग्निहोत्रीमृषयो जगृहुर्बह्मभगादिनः ।
यज्ञस्य देवयानस्य मेध्याय हविषे नृप ॥ (भाग. ८/८/२)

कामधेनु, देवता, ऋषि र मनुष्यको कामना पूर्ण गर्ने भएकीले भगवान्की विभूति बनेकी छन् ।

भगवान् श्रीकृष्णले- धर्माविरुद्धो भूतेषु कामोऽस्मि भरतर्षभ । (गीता ७/११) सबै प्राणीमा धर्म अनुकूल अर्थात् शास्त्र अनुकूल काम हुँ भन्नुभएको छ । संसारको उत्पत्ति कामबाट नै भएको छ । धर्म अनुकूल सन्तान प्राप्तिका निम्ति जुन कामको उपयोग गरिन्छ त्यो कामलाई भगवान्को विभूति भनिएको छ ।

वासुकि, सर्पका अधिपति र भगवान्का भक्त मानिन्छन् । अमृत प्राप्तिका निम्ति समुद्रमथन गर्दा मन्दराचललाई मदानी बनाई वासुकि सर्पलाई डोरी बनाइएको थियो । वासुकिलाई समुद्र मथनबाट प्राप्त अमृत दिने वचन अनुसार सम्मिलित गराइएको थियो । यिनको सत्कार्यबाट भगवान्ले यिनलाई विभूति मान्नुभएको छ । (भागवत ८/७/१)

अनन्तलाई नागजातिको भनिएको छ । जलमा रहने अनन्त नागलाई सबै नागका राजा भनिएको छ । श्रीमद्भागवतलगायत पुराण र शास्त्रहरूमा अनन्तले पृथ्वी धारण गर्ने स्पष्ट उल्लेख छ ।

यस्येदं क्षितिमण्डलं भगवतोऽनन्तमूर्तेः सहस्रशिरस
एकस्मिन्नेव शीर्षणि ध्रियमार्ण सिद्धार्थ इव लक्ष्यते ॥
(भागवत ५/२५/२)

पृथ्वीलाई प्रलय गर्नुपर्दा अनन्तले शिर हल्लाइदिन्छन् । यस्तै सम्पूर्ण भूगोललाई अणुसरह धारण गर्ने र धर्तीलाई बचाउन पृथ्वीमुनि बसेर बोक्ने अनन्तको महिमा अनन्त नै रहेको छ ।

मूर्धन्यर्पितमणुवत् सहस्रमूर्ध्नो भूगोलं सगिरिसरित्समुद्रसत्वम्।
आनन्त्यादनिमित्रविक्रमस्य भूम्नः को वीर्याण्यधिगणयेत् सहस्रजिह्वः ॥
एवंप्रभावो भगवानन्तो दुरन्तवीर्योरुगुणानुभावः ।
मूले रसयाः स्थित आत्मतन्त्रो यो लीलयाक्ष्मां स्थितये विभर्ति ॥ (भागवत् ५/२५/१२-१३)

भगवान्का भक्त वरूण जलजन्तु तथा जलदेवताका अधिपति मानिन्छन् । श्रीकृष्णले ब्रजका कुमारीलाई जलमा निर्वस्त्र रूपमा स्नान गर्दा जलका अधिष्ठातृदेवता वरूणको अपमान भएकोले यो दोषको शान्तिको लागि हात जोडेर शिर झुकाई प्रणाम गर्न भन्नुभएको छ ।

यूयं विवस्त्रा यदपो धृतव्रता व्यगाहतैतत्रदु देवहलनम् ।
वद्ध्वाञ्जलिं मूर्ध्न्यपनुत्तयेऽहसः कृत्वा नमोऽधोवसनं प्रगृह्यताम् । (भाग. १०/२२/१९)

भगवान्का प्रिय भएकोले वरूणलाई आफ्नो विभूति बनाउनु भएको छ । दिति पुत्र हिरण्यकशिपुको छोरा प्रह्लाद ब्राह्मण भक्त, सत्यप्रतिज्ञ र सन्तसेवी, निष्काम भक्त दिए । उनमा रहेको भक्तिको कारणले भगवान् नारायणले देवलोकमा पनि देवताहरू तिम्रो विशुद्ध कीर्तिको गान गर्नेछन् भनी आशीर्वाद दिनभएको थियो–

कीर्तिं विशुद्धां सुरलोकगीतां । (भाग. ७/१०/१३)

भगवान्का परमप्रिय भएकाले यिनलाई आफ्नो विभूति मान्नुभएको छ । काल अर्थात् समयबाट आयुको गणना हुन्छ । त्यसैले गणना गरिने घडी, दिन, पक्ष, मास, वर्ष आदि काललाई भगवान्को विभूति भनिएको छ ।

बाघ, हात्ती, भालु आदि पशुहरूमध्ये सिंहलाई राजा मानिन्छ । यी सबैमा सिंह बलवान्, तेजस्वी र साहसी हुन्छ । जगदम्बा भगवतीको वाहन पनि सिंह नै रहेको छ । त्यसैले भगवान्ले पशुहरूमा म सिंह हुँ भन्नुभएको छ ।

भगवान् विष्णुको वाहन गरूड हुन् । समुद्र मथन गर्ने बेलामा गरूडले मन्दराचल पर्वतलाई काँधमा बोकेर समुद्र तटमा राखेका थिए ।

अवरोप्य गिरिं स्कन्धात् सुपर्णः पततां वरः ।
ययौ जलान्त उत्सृज्य हरिणा स विसर्जितः ।
विनता पुत्र गरुडका सूपर्णं वैनतेयं च नागरिं ।

विहान स्नान गर्दा नागभूषणम् आदि बाह्र नाम लिएमा विषको भय नहुने र यात्रा सिद्ध हुने बताइएको छ । यिनी उड्दा यिनको पखेटाबाट सामवेदका मन्त्रहरू गुञ्जिन्छन् । पंक्षीका राजा भक्त गरूडलाई श्रीकृष्णले आफ्नो विभूति बनाउनु भएको छ ।

भगवान्ले पृथ्वी, जल, अग्नि, वायु र आकाश यी पाँच तत्त्वलाई सृष्टि गर्नुभयो–

भूतैर्यदा पञ्चभिरात्मसृष्टैः पुरं विराजं विरचय्य तस्मिन् ।
स्वांशेन विष्टः पुरुषाभिधानमवाप नारायण आदिदेवः ।
(भागवत ११/४/३)

ब्रह्मवेत्ता दत्तात्रेयका २४ गुरूमध्ये वायु पनि एक हुन् । शरीरभित्र रहने प्राणवायुले आहारको मात्रा इच्छा राखेझैं जतिबाट जीवन निर्वाह हुन्छ, त्यति मात्रको चाहना मानिसले राख्नु पर्दछ । शरीर बाहिर रहने वायु अनेक ठाउँमा जानुपर्दछ । तर त्यो कही पनि आसक्त हुँदैन । कसैको गुण दोषलाई ग्रहण गर्दैन । यसैगरी कसैको गुणदोषलाई नहेरी आफ्नो लक्ष्यमा अडिक हुनुपर्दछ । कसैमा आसक्ति, द्वेष नराखेकोले वायु सदा शुद्ध नै रहन्छ । वायुले झैं मनुष्यले कुनै पनि वस्तुमा आसक्ति राख्नु हुँदैन । त्यसैले भगवान्ले कतै पनि आसक्ति नराख्ने, सबैलाई पवित्र गर्ने वायुलाई आफ्नो विभूति बनाउनुभएको छ ।

श्रीरामको मनुष्यावतार राक्षसवधका निम्ति मात्र होइन । यसको मुख्य उद्देश्य त मनुष्यलाई शिक्षा दिनका निम्ति हो ।

मर्त्यावतारस्त्विह मर्त्यशिक्षणं रक्षोवधायैव न केवलं विभोः ।
(भागवत् ५/१९/५)

-क्रमशः

-अनामनगर, काठमाडौं

लक्ष्मी पुन, कार्यकारी निर्देशक

पशुपति क्षेत्र विकास कोष सञ्चालक परिषद्को गत पुस ४ गतेको निर्णयअनुसार पशुपति क्षेत्र विकास कोषको रिक्त कार्यकारी निर्देशकमा लक्ष्मी पुन नियुक्त हुनुभएको छ । झण्डै ३७ वर्षको इतिहासमा कोष प्रशासन प्रमुखको रूपमा महिला नियुक्त हुनुभएको यो पहिलो अवसर हो ।

लक्ष्मी पुनको जन्म वि.सं. २०३७ साल कात्तिकमा भारतको गोवामा भएको हो । बुबा कमानसिंह पुन एवम् आमा पम्फी पुनकी सुपुत्री लक्ष्मीको प्रारम्भिक शिक्षा गोवामा र उच्च शिक्षा त्रिभुवन विश्वविद्यालय अन्तरगत मदनभण्डारी मेरोरियल कलेज, काठमाडौंबाट भएको हो । उहाँले अंग्रेजी साहित्यमा स्नातकोत्तर गर्नुभएको छ भने कानूनमा स्नातक गर्नुभएको छ । जनयुद्धकालमा गणतन्त्र रेडियोबाट सञ्चार क्षेत्रमा प्रवेश गर्नुभएको पुनले नेपाल टेलिभिजनको अंग्रेजी समाचार सम्पादक र द वाकर पत्रिका एवम् अनलाईन संस्करणको सम्पादकको रूपमा कार्य गरिसक्नुभएको छ । उहाँले नेपाल पत्रकार महासंघको केन्द्रीय सचिवको रूपमा समेत आफ्नो कार्यकाल सफलतापूर्वक सम्पन्न गर्नुभएको छ । कार्यकारी निर्देशकको कार्यभार सम्हालेको करिव एक महिना पुग्नै लाग्दा पशुपति क्षेत्र विकास कोषको विविध पक्षको विषयमा लक्ष्मी पुनसँग गौरीका सम्पादक अर्जुन लामिछानेले गर्नुभएको कुराकानीको सार संक्षेप तल प्रस्तुत गरिएको छ । सं.

दवाव र प्रभावमा कुनै निर्णय गर्नेछैन !

पशुपति क्षेत्रको कार्यकारी निर्देशकको भूमिकामा रहँदा र बाहिरबाट देख्दाको पशुपतिमा के फरक पाउनु भयो ?

आम मानिसको रूपमा मैले पशुपतिलाई बाहिरबाट देखेको हुँ । भित्र आएर एउटा भूमिकामा, जिम्मेवारीमा बस्दाखेरि पशुपति फरक छ । बाहिर रहँदा एउटा धार्मिक स्थल हो भन्ने कुरा मात्रै मलाई जानकारी थियो । भित्र आइसकेपछि पशुपतिलाई एकदम विस्तृत रूपमा बुझ्ने अवसर पाइयो । अझ प्रशासनको जिम्मा लिएपछि त अझ धेरै अनुभव प्राप्त हुँदैछ । मलाई यहाँको प्रशासनको ज्ञान थिएन । विश्व सम्पदा सूचीमा सूचिकृत सम्पदा भएको कारणले यो केवल नेपालको मात्र पूँजी नभएर अन्तर्राष्ट्रिय पूँजी हो । यो विशाल छ । यसलाई बुझ्नलाई मेरो कार्यकाल पर्याप्त नहुन पनि सक्छ । यो विशाल छ । मैले धेरै फरक पाएँ ।

पशुपति एउटा पवित्र धार्मिक स्थल हो तर यहाँ पनि विभिन्न भ्रष्टाचार एवम् ढिलासुस्तीका कुराहरू सुनिन्छन् । प्रशासन प्रमुखको रूपमा यहाँले के कस्ता सुधारका कार्य गर्नुहुन्छ ?

मेरो टेवलमा कुनै गलत फायल आयो भने म त्यसलाई अगाडि बढाउँदिन । सुधारका नाममा आउने नयाँ कुराहरू पनि कहाँबाट आए कुन कोणबाट आए ? त्यसमा पनि मैले ध्यान दिनुपर्ने हुन्छ । हतारमा निर्णय गरेर विवादमा आउनु भन्दा त्यस्ता कामलाई केही दिन रोकेर बुझेर मात्र अगाडि बढाउने छु । एक जनाले भन्नुभएको थियो, 'जुन सुकै कार्यालय महिलामैत्री भयो भने त्यसको आधा समस्या समाधान हुन्छ ।' यस कुरालाई आत्मसाथ गरी अगाडि बढ्ने सोचमा छु । जहाँसम्म ढिलासुस्तीको कुरा छ, कतिपय कुराहरू योजनाबद्ध किसिमले अगाडि बढ्नु पर्ने हुन्छ । विश्व सम्पदा स्थल भएकोले युनेस्को, गुठी संस्थान, पुरातत्त्वविभाग, स्थानीय निकाय सबैतिर समन्वय गरेर अगाडि बढ्नु पर्ने भएकोले प्रकृयागत रूपमा अगाडि जाँदा समय लाग्न पनि सक्छ ।

पशुपति क्षेत्रमा प्रभाव र दवावमा काम गरिन्छ भन्ने आरोप छ । तपाई यसबाट मुक्त हुन सक्नुहोला ?

शुरूवाती समय भएकाले त्यस्तो केही दवाव तथा

प्रभाव आएको छैन । व्यक्तिगत रूपले भन्नु पर्दा दवावमा कुनै पनि काम गर्ने मेरो बानी नै छैन । म एक्लैले गर्ने होइन, पूरा टिमले गर्ने हो । कतिपय कम्प्लेक्स काम आए भने टिममा छलफल गरेर कसरी हल गर्ने भनेर लाग्ने छौं। दवाव प्रभावमा परेर काम गर्ने छैन, यो मेरो प्रतिवद्धता भयो ।

यहाँले आफूलाई प्रशासनिक दक्षता नभएको बताइसक्नुभयो । यदि यहाँको निर्णय दक्षताभन्दा बाहिरका विषय आएमा त्यो अवस्थामा के गर्नुहुन्छ ?

यहाँ म निर्णायक स्थानमा छैन । मभन्दा माथि निर्णायक दुई जना हुनुहुन्छ, सदस्यसचिव र कोषाध्यक्ष । उहाँहरूसँग सरसल्लाह लिएर अगाडि बढ्ने छु। अर्को कुरा अनुभव भन्ने कुरा सानो या ठूलो जो सुकैमा हुनसक्छ । पदीय हिसावमा मभन्दा धेरै जुनियर साथीहरू पनि हुनुहुन्छ, जो लामो समयदेखि यस अफिसमा काम गर्नुभएको छ, उहाँहरूमा अनुभव छ । उहाँहरूको अनुभव पनि मैले लिने छु। मूल त म यस कुरा सधैं हेक्का राख्ने छु; मबाट गल्ती हुनेछैन । म प्रष्ट र स्पष्ट भएर अगाडि बढ्ने छु, कुनै फाइल विवाद आउने खालका छन् भने पनि छलफल गरेर क्यानसिल गरिदिंदा उपयुक्त हुन्छ भन्ने मलाई लाग्दछ ।

सर्वसाधारण भक्तजनहरू, जो हाम्रा सेवाग्राही हुनुहुन्छ, उहाँहरूकै कारण पशुपति चल्ने हो । श्रद्धालु भक्तजनलाई अधिकतम सहज हुने गरी अधिकतम सुविधा दिने गरी, पशुपतिको ओझ र सौन्दर्य नघटाई यसको पुरातात्त्विक महत्त्वलाई समेत ख्याल गरेर हामी अगाडि बढ्ने छौं ।

यहाँले महिलामैत्री कार्यमा ध्यान दिने भन्नुभयो । महिलामैत्री के कस्ता कार्यक्रम ल्याउने सोचमा हुनुहुन्छ ?

मेरो कार्यकालको प्रारम्भ महिलामैत्री कार्यबाट भएको छ । गत पुस २४ गते हामीले मन्दिरको मूल ढोका (पश्चिम ढोका) समिपमा रहेको सत्तलको एउटा कोठामा स्तनपान कक्ष सञ्चालन गरेका छौं। जुन कक्षको प्रयोग श्रद्धालु भक्तजनहरूले मात्र नभइ हाम्रा महिला कर्मचारीहरूले बच्चाहरू लिएर आएको खण्डमा उहाँहरूले पनि प्रयोग गर्न पाउनुहुनेछ ।

अर्को कुरा, बालबालिकाहरू भनेका भविष्यका कर्णाधार हुन् । हाम्रा महिला कर्मचारीहरू कतिपय सुत्केरी भएकै दुई महिनामा आफ्ना बच्चाहरू घरमा छोडेर आउनुहुन्छ । सात आठ घण्टा उहाँहरू कार्यालयमा सेवा गर्नुपर्ने हुन्छ । त्यो समयमा ती बच्चाले उनीहरूको नैसर्गिक अधिकार 'आमाको दुध' खान पाउँदैनन् । आमाको दुध खान नपाएका बच्चा कुपोषणको शिकार हुन सक्छन्; राम्रोसँग शारीरिक र मानसिक विकास हुँदैन । विश्व स्वास्थ्य संगठनले पनि 'बालकले कम्तिमा २ वर्ष आमाको दुध खानुपर्छ' भनेको छ । सरकारी स्थायी कर्मचारीले त लामो समय बिदा पाउँदैनन् भने करार र ज्यालादारीमा काम गर्ने कर्मचारीहरूले झन बिदा पाउने कुरै भएन । त्यसैले यो समस्यालाई निराकरण गर्न हामीले पशुपति क्षेत्र विकास कोष कार्यालय परिसरमा बालबालिकाको निम्ति डे केयर सेन्टर (दिवा स्याहार केन्द्र) सञ्चालन गर्ने सोच राखेका छौं। यहाँकै १/२ जना कर्मचारी परिचालन गरी सो सेन्टरको सञ्चालन गर्ने, उनीहरूले बच्चाहरूलाई जाउलो, लिटो पकाएर खुवाउने छन् । जहाँ बालबालिका बातावरण अनुकुल खेल्न रमाउन पाउने छन् । र, ती बालबालिकाको आमाले पनि समयमा उनीहरूलाई स्तनपान गराउन पाउने छन् । विद्यालय जाने उमेर नपुगुन्जेलसम्म हामी त्यो सेवा उपलब्ध गराउने छौं । यी लगायत महिलामैत्री अन्य धेरै कार्यक्रम अगाडि बढाउने सोचमा छौं ।

पशुपति क्षेत्र विकास कोषले आजसम्म सेवामूलक कुनै काम गर्न सकेन भन्ने आरोप छ, यस्तो कुनै कार्यक्रमको सोच छ ?

भगवान् श्रीपशुपतिनाथ भक्तजनहरूको श्रद्धाको केन्द्र भएको हुँदा यहाँ आउने भक्तजनलाई सहज र सुरक्षित दर्शन गराउनु हाम्रो प्रमुख दायित्व हो । यहाँ हुने रूद्रि, लाखबत्ती लगायतका पूजा र मन्दिरभित्र हुने विभिन्न प्रकारका विशेष पूजामार्फत भक्तजनलाई सहभागी गराउने हाम्रो मुख्य कार्य हो । यसका अतिरिक्त मन्दिर परिसरमा खानेपानीको व्यवस्था भएको छ । भक्तजनको निम्ति ठाउँठाउँमा शौचालयको व्यवस्था छ । भक्तजनको निम्ति हंश मण्डप परिसरमा स्नान घर बन्ने क्रममा छ । वेद विद्याश्रम सञ्चालन गरी सातै प्रदेशका प्रायः सबै जिल्लाका कमसेकम एक जना बटुकलाई आवासीय

सुविधासहित उच्च मा.वि.सम्म निःशुल्क संस्कृत शिक्षा प्रदान गरिदैं आइएको छ । घाट र किरियापुत्रीका निम्ति छुट्टै सेवाका कार्यहरू भइरहेको छ । विभिन्न संस्थाहरूको अग्रसरतामा रक्तदानका कार्यक्रम हुने गर्दछन्, यसमा कोषको संयोजन एवम् स्वीकृति भएकै छ ।

बेसाहारा धेरै मानिसलाई मानव कल्याण सेवा घरले बनकाली धर्मशालामा खाना र बस्नको व्यवस्था मिलाएको छ । महाँकाल युवा समूहले भोकालाई भोजनको व्यवस्था गरिरहेको छ । हाम्रै परिसरमा समाज कल्याण वृद्धाश्रम पनि सञ्चालित छ । पारि राममन्दिर परिसरमा पनि मानिसहरूको निम्ति मात्र नभइ पशुपति क्षेत्र विकास कोषले मृग, बाँदर, परेवा, गाईवस्तुहरूको संरक्षणमा पनि प्रत्यक्ष अप्रत्यक्षरूपमा विशेष भूमिका खेलेको छ । यसरी पशुपति क्षेत्र विकास कोषले सेवामूलक कार्य नगरेको होइन गरेको छ, भविष्यमा त्यस्ता केही सेवामूलक तथा रचनात्मक कार्य गर्ने सोचमा छौं ।

भक्तजनलाई सहज दर्शनको निम्ति कुनै कार्यक्रम छ ?

श्रद्धालु भक्तजनलाई कसरी सहजरूपमा दर्शन गराउने भन्ने बारेमा हामी गृहकार्य गरिरहेका छौं । वृद्धवृद्धा, बच्चा भएका आमाहरू लामो समय लाइनमा बसेर दर्शन गर्न सक्नुहुन्न । उहाँहरूको निम्ति विशेष व्यवस्था गर्न सकिन्छ कि भन्ने उपायको समेत खोजी गर्दैछौं । साथै महाशिवरात्रि, तीज लगायतका मेला पर्वमा समस्त भक्तजनलाई छिटोभन्दा छिटो दर्शन गराउने सम्वन्धमा पनि हाम्रो ध्यान केन्द्रित भएको छ ।

यहाँ आफू सञ्चारकर्मी हुनुहुन्छ । पशुपतिनाथको विश्वव्यापी प्रचारप्रसार गर्ने केही योजना छ कि !

पशुपतिनाथ विश्वकै हिन्दुधर्मावलम्बीहरूको आस्थाको केन्द्र हो । मैले भारतीय पर्यटकहरूसँग अन्तरकृया गरेको थिएँ । उहाँहरूका अनुसार जीवनमा कमसेकम एक पटक भए पनि पशुपतिनाथको दर्शन गर्नुपर्दछ भन्ने मान्यता छ । धार्मिक पर्यटन प्रवर्द्धनका लागि चाहिँ हामीले प्रचारप्रसारको केन्द्रविन्दु भारत र विशेष गरी दक्षिण एशियाली राष्ट्रलाई बनाउनु पर्ने हुन्छ । भारतको जनसंख्या धेरै छ, त्यसको केवल ५० प्रतिशत मानिसलाई मात्र पशुपतिनाथ भित्र्याउन सक्यो भने हाम्रो धार्मिक पर्यटन प्रवर्द्धनको उद्देश्य सफल हुन्छ । नेपाल फरक राष्ट्र हो भनी बुझेका कतिपय व्यक्तिलाई यहाँ भ्रमण गर्न ज्यादै महँगो हुन्छ भन्ने लागेको हुनसक्छ । त्यसैले यहाँको भ्रमणमा लाग्ने अनुमानित खर्च र अन्य विवरण उहाँहरूमाझ पुऱ्याउनु आवश्यक छ । यसका लागि हामीले केही भौतिक पूर्वाधार विकास गर्नुपर्दछ । हामीले आफैं होटल खोल्ने होइन यहाँ वरपर रहेका होटलका सञ्चालकहरूलाई बोलाएर पशुपतिनाथ भ्रमणको प्याकेज समेत समावेश गराउन अनुरोध गर्दै अन्तरकृया गराउने योजना छ । त्यस्तै भारतको मुख्य शहरमा धार्मिक पर्यटन मेला लगाएर श्रीपशुपतिनाथको विषयमा प्रचार प्रसार गर्दा पनि यसको राम्रो सन्देश जानेछ भन्ने मलाई लागेको छ ।

युरोपियन मुलुकमा हिन्दु धर्ममावलम्बीहरूको संख्या त्यति उल्लेखनीय छैन, तर पनि त्यहाँबाट नेपाल आउने पर्यटकहरूले समेत यहाँका मूर्त एवम् अमूर्त सम्पदाको विषयमा विशेष अभिरूचीपूर्वक अवलोकन गरेको पाइन्छ । त्यहाँका विश्व विद्यालयहरूमा यहाँको धर्म संस्कृति बारे अध्यापन गराइन्छ । त्यसैले उनीहरूलाई केन्द्रित गरी हामीले हाम्रा प्रचारका सामग्रीहरू तयार पारेर आधुनिक सञ्चार माध्यममार्फत प्रचार प्रसार गर्न सक्नुपर्दछ ।

अन्त्यमा गौरीको निम्ति भन्नु पर्ने केही छ ?

गौरी मलाई नाम नै मन परेको छ । गौरी माता पार्वतीको अर्को रूप हो, अर्थात् बाल्यावस्थाको पार्वती नै गौरी हुन् । म आफू पनि महिला भएको कारणले र पशुपति क्षेत्र आफैंमा शिव र पार्वतीको क्षेत्र 'अर्धनारेश्वर' भएको कारणले पत्रिकाको यो नाम असाध्यै सान्दर्भिक ठानेकी छु । लामो समयदेखि निकै कष्ट गरेर यहाँले यो पत्रिकालाई निरन्तरता दिइरहनुभएको छ । पत्रिका चलाउन सजिलो छैन । कुनै समयमा पत्रकारितामै भएको हुनाले यो मर्म मलाई पनि थाहा छ । यस पत्रिकाको माध्यमले धार्मिक पर्यटनको प्रवर्द्धनमा केही मात्रामा भए पनि टेवा पुऱ्याएको छ । धार्मिक पत्रिका कम छन् त्यसमा पनि गौरीको विशेष भूमिका छ भन्ने मलाई लागेको छ । ❖



धार्मिक, ऐतिहासिक एवम् पर्यटकीय गन्तव्य

चिम्टेश्वर महादेव

अर्जुन लामिछाने

विश्वको कूल क्षेत्रफलको ०.०३ प्रतिशत क्षेत्रफल ओगटेको सानो मुलुक नेपाल विश्वकै सबै प्रकारको भूवनोट र हावापानी पाइने राष्ट्र हो। करिव ८८५ किलोमिटर लम्वाइ र १९३ किलोमिटर चौडाइमा फैलिएको नेपालमा उत्तरतर्फ अग्लाअग्ला हिमश्रृङ्खला, मध्यभागमा उच्च पहाड, खोंच, बेसी एवम् उपत्यका र दक्षिणतर्फ समथर तराईको भूभाग पर्दछ । हिमाल, पहाड र तराईको हावापानीमा जति भिन्नता छ त्यसै अनुरूपमा प्राकृतिक वनस्पतिहरू फस्टाएका पाइन्छन् । भौगोलिक अवस्थिति अनुसार यहाँ बसोबास गर्ने विभिन्न जातजातिका मानिसहरूको धर्म, संस्कार, संस्कृति, भेषभुषा र रहनसहन पनि फरक फरक प्रकारको पाइन्छ । त्यसैले यस्तै अनेकता भित्रको एकतानै नेपालको एक विशेषता हो ।

नेपालको भूवनावट मात्रै होइन यहाँका हरेक मूर्त एवम् अमूर्त सम्पदा विश्वका पर्यटकहरूको निम्ति आकर्षणका विषय छन् । त्यसैले नेपाल विश्वका पर्यटकहरूको प्रमुख गन्तव्य बन्ने प्रचूर सम्भावना छ । पछिल्ला समय विदेशी पर्यटकहरूको रोजाई शहरी बस्तीभन्दा पनि शहरबाट केही दुरीमा रहेका मनोरम पहाडी दृष्यावलोकन गर्न मिल्ने स्थलहरू रहेका छन् । ती स्थलहरूको पहिचान गरी उनीहरूको निम्ति आवश्यक न्यूनतम भौतिक सुविधा तयार गर्न सके त्यस्ता स्थानमा पर्यटकीय आकर्षण बढ्ने पक्का छ । भौगोलिक, धार्मिक एवम् ऐतिहासिक दृष्टिकोणले अत्यन्त महत्त्वपूर्ण रहेर पनि ओभेलमा परेको नुवाकोट स्थित चिम्टेश्वर महादेव मन्दिर एवम् बेल्कोटगढी यसको ज्वलन्त उदाहरण हो ।

भौगोलिक पक्ष

समुद्र सतहदेखि २११० मिटर उचाइमा रहेको नुवाकोट जिल्ला बेल्कोटगढी नगरपालिका वडा नं . १, २, ३, ४, ९, १० र ११ साविक बेलकोट गा.वि.स. कुमारी, दुईपिपल, जिर्लिङ अन्तरगत यो क्षेत्र रहेको छ ।

दृष्यावलोकन

यो स्थलबाट विभिन्न पहाड र हिमश्रृङ्खलाको निकै मनोरम दृष्यावलोकन गर्न सकिन्छ । पूर्वको हिमश्रृङ्खला गौरीशङ्कर; दोलखा, वाग्मती प्रदेशः लाङटाङ, गणेश हिमाल, गण्डकी प्रदेशः माछापुच्छ्रे, हिमश्रृङ्खला सहित धादिङ, नुवाकोट, गोरखा, रामेछाप, सिन्धुली, काभ्रे लगायतका जिल्लाहरूका कैयौं नागवेली पहाडहरू यहाँबाट स्पष्ट देख्न सकिनेछ । साथै सूर्योदय र सूर्यास्तको मनोरम दृष्य समेत यहाँबाट अबलोकन गर्न सकिन्छ ।

धार्मिक महिमाः

यहाँ भ्रमण गर्ने धार्मिक तीर्थयात्रीहरूका निम्ति प्रमुख आकर्षण भनेकै चिम्टेश्वर महादेव हो । यो हिन्दु र बौद्धमार्गी दुवै धर्मावलम्मीहरूको आस्थाको केन्द्र हो । चिम्टेश्वर महादेवको स्थापना कहिले भयो भन्ने सन्दर्भमा खोज्दै जाँदा यो प्रसङ्ग पौराणिक कालसम्म जोडिन जान्छ । भगवान् महादेवले मृत सतिदेवीको शरीर बोकेर विश्व भ्रमण गर्ने क्रममा यहाँ आउनुहुँदा सतीदेवीको चीर अर्थात् छातीको बीचभाग पतन भएको र चीरकेश्वर महादेव उत्पन्न भएको हो भन्ने धार्मिक मान्यता छ ।

यहाँको शिवलिङ्गको माथिल्लो भाग चिरिएको स्वरूपमा रहेको छ । चिरिएको यस शिवलिङ्गलाई चिर्केश्वर नामले प्रख्यात थियो । यही चिर्केश्वरबाट अपभ्रस भई चिम्टेश्वर बनेको भन्ने किंवदन्ती छ ।

यसै गरी स्कन्दपुराण अन्तरगत हिमवत्खण्ड नेपालमाहात्म्यका अनुसार भगवान् शिवजीले कालकूट विष सेवन गरेपछि विषको समन गर्न गाह्रो भएकोले गोसाइकुण्डतर्फ जाने क्रममा यस स्थान हुँदै जानुभएको र यहाँ चिम्टा छोडेर जानुभएकोले यहाँको नाम चिम्टेश्वर रहेको भनाइ छ । यो तीर्थस्थल हिन्दु र बौद्धमागीहरूको साझा तीर्थस्थल हो ।

विशेष गरी पशुहरूको र मानिसको पनि सन्तान उत्पादन नहुँदा यहाँ भाकल गरेमा पूरा हुने जनविश्वास छ ।

यहाँ अक्षय तृतीया, बुद्धपूर्णिमा श्रावण सोमबार, हरितालिका, बैकुण्ठ चतुर्दशी(भाकल गरेकाहरूले दीप प्रज्वलन गर्ने), बालाचतुर्दशी, ल्होछार र महाशिवरात्रिको अवसरमा विशेष मेला हुने गर्दछ ।

यस क्षेत्रमा गरिएको उत्खनन्को आधारमा मल्लकालसम्म मात्र मन्दिर रहेको प्रमाण मिल्दछ । त्यस अगाडि भने कैलाशको रूपमा मात्र पूजिंदै आएको पाइन्छ । मन्दिरको अहिलेको स्वरूप भने पर्यटन व्यवसायी नारायणप्रसाद खनालको संयोजनमा करिव एक दशक अगाडि तयार पारिएको हो । मन्दिर बन्ने क्रममा वि.सं. २०७२ को भूकम्पको महामारी आएकोले अहिलेसम्म पनि मन्दिरले पूर्ण स्वरूप प्राप्त गर्न नसकेको उहाँको भनाइ छ ।

ऐतिहासिक पक्षः

नेपाल एकीकरण गर्दा राजा पृथ्वीनारायण शाह नुवाकोट आक्रमणका क्रममा एक पटक पराजित भइसकेपछि यसै महादेवको पूजा, उपासना एवम् आराधना गरेपछि शक्ति आर्जन गरी बेल्कोट उपराज्य जितेर यस क्षेत्रलाई गढी बनाई यहाँका वरपरका राज्यलाई सजिलै विजय हासिल गरेको भनाइ छ ।

धार्मिक तथा पर्यटकीय क्षेत्रको उत्थानका निम्ति भएका प्रयास

मेलापर्वहरूमा टाढा टाढादेखि भक्तजनहरू स्वतःस्फूर्त रूपमा मन्दिर दर्शनार्थ उपस्थित हुने गर्दछन् । तर पनि यस क्षेत्रको धार्मिक एवम् पर्यटकीय गन्तव्यको रूपमा विकास गर्ने उद्देश्यले चाहिं सर्वप्रथम २०६७ सालमा प्रथम चिम्टेश्वर महोत्सव धान्याचल पुराण सहितको कार्यक्रम भएको थियो भने त्यस अगाडि ५/७ पटक शिवपुराण र श्रीमद्भागवत महापुराण आयोजना गरिएको थियो ।

यसैगरी २०६८/६९ मा झण्डै २००० विदेशी पर्यटकको उपस्थितिमा दुई पटक डि.जे. कार्यक्रम आयोजना गरिएको थियो ।

यस्तै २०७० मा देशका प्रमुख व्यक्तित्वहरूको सहभागितामा भएको पदयात्राका क्रममा यस क्षेत्रमा पूर्व प्रधानमन्त्रीद्वय माधवकुमार नेपाल, के.पी. शर्मा वली सहित चार जना पूर्व संस्कृति मन्त्रीहरू र अन्य ४५० पर्यटन

व्यवसायी र ५० जना विदेशी पर्यटकहरू बैशाख १ गते यसै स्थलमा आई बास बस्नुभएको थियो । उहाँहरूको यहाँको बसाइले यस क्षेत्रको प्रचार प्रसारमा निकै महत्त्वपूर्ण भूमिका खेलेको थियो ।

पूर्वाधारको विकास

देशको सङ्घीय राजधानी काठमाडौंबाट केवल ३२ कि.मी. दुरीमा रहेको धार्मिक एवम् ऐतिहासिक दृष्टिकोणले महत्त्वपूर्ण स्थल भएर पनि यो स्थल बत्ती मुनिको अध्यारो भनेजस्तै थियो । हाल यस क्षेत्रसम्म पुग्ने सडकमार्ग खुलिसकेको छ । काठमाडौं सितापाइला, भीमढुङ्गा, धुनीबेसी हुँदै बेलकोटगढीसम्मको यो सडक मार्ग केवल ३२ कि.मी.को दुरीमा रहेको छ भने काठमाडौंबाट बालाजु, ककनी हुँदै ४७ कि.मी.को दुरीमा यो स्थानमा पुग्न सकिन्छ । यसैगरी धार्केबाट जीवनपुर हुँदै १९ कि.मी. त्रिशुली बेलकोटगढी हुँदै २२ कि.मी. र गल्छीबाट गल्छी दुइपिपल फिल्टुङ हुँदै २७ कि.मी.मा यस स्थलसम्म सडकमार्ग हुँदै पुग्न सकिने छ ।

भ्युटावरको निर्माण:

केपी शर्मा वली प्रधानमन्त्री बन्नुभएपछि देशभर भ्युटावर बनाउने लहर नै आएको थियो । सोही समयमा यस स्थानमा पनि भ्युटावर निर्माण कार्य अगाडि बढेको हो । वाग्मती प्रदेश सरकार र पूर्वाधार विकास कार्यालयको बजेट अन्तरगत करिव साढे तीन करोड लागतमा यहाँ आकर्षक भ्युटावर निर्माण भैसकेको छ । भ्युटावरसँगै अन्य पूर्वाधारहरू शौचालय, टैंकी, धारा आदि समेत निर्माण गरिएको छ । निर्माण तयार भएको यो भ्युटावर केन्द्र, प्रदेश वा स्थानीय तह कसले सञ्चालन गर्ने निश्चित नभएकाले औपचारिक उद्घाटन तथा सञ्चालन हुन सकेको छैन । हाल भ्युटावरलाई नगरपालिका मातहतमा सञ्चालन गरिने कार्यविधि तयार हुने क्रममा छ ।

सुविधायुक्त सिंढी निर्माण

बेल्कोट सेरा भज्याङबाट हाल भ्युटावर निर्माण गरिएको स्थलसम्म करिव १००० सिढी निर्माण गरिएको छ । सिंढीको दुवैतर्फ रेलिङ राखिनुको साथै कतिपय स्थानमा विश्रामस्थल पाटी समेत निर्माण गरी पैदलमार्गीको निम्ति सहजता प्रदान गरिएको छ ।

सिमसार संरक्षण

यो क्षेत्र सिमसार क्षेत्र अन्तरगत पनि पर्दछ । सिमसार संरक्षणको निम्ति दुई वटा ठूला पोखरी निर्माण समेत भइसकेका छन् ।

पर्यटकीय विकासमा थप पहल

यस क्षेत्रको समग्र विकास गर्ने हेतुले बेल्कोटगढी नगरपालिकाले चिम्टेश्वर विकास समिति गठन गरेको छ । ऐतिहासिक तथा धार्मिक पर्यटकीय क्षेत्र चिम्टेश्वर विकास समितिको अध्यक्षमा रामचन्द्र तिमल्सिना नियुक्त हुनुभएको छ । बेलकोटगढी नगरपालिकाको कार्यपालिका बैठकले बेलकोटगढी नगरपालिका वडा २ का वडाध्यक्ष समेत रहनु भएका तिमल्सिनालाई जिम्मेवारी दिएको हो । लामो समयदेखि चिम्टेश्वरलाई धार्मिक, ऐतिहासिक तथा पर्यटकीय स्थलको रूपमा विकास गर्नका लागि पहल

गर्दै आइरहनुभएका वडाध्यक्ष तिमल्सिनाले आफूलाई महत्त्वपूर्ण जिम्मेवारी दिइएको र त्यस भित्रको कार्यक्षेत्रमा रहेर काम गर्ने प्रतिवद्धता समेत जनाउनु भएको छ । ❖

स्रोतः नारायणप्रसाद खनाल (पर्यटन व्यवसायी), रामचन्द्र तिमल्सिना(बेलकोट गढी- २ का वडाध्यक्ष), कोप कुमारी पुडासैनी (माताजी) र स्थानीय व्यक्तिहरू ।

सूचना !

जन्म, विवाह दर्ता, बसाई सराई, सम्वन्ध बिच्छेद तथा मृत्यु जस्ता व्यक्तिगत घटना दर्ताको कार्यहरूलाई आफ्नो स्थायी ठेगाना रहेको स्थानीय तहको वडा कार्यालयबाट समयमै दर्ता गराई सचेत नागरिकको परिचय दिऔं ।

का.म.पा. वडा नं २१, ज्यावहाल, काठमाडौं

सरल नेपालीमा
श्रीमद्भगवद्गीता

न जायते म्रियते वा कदाचिन्नायं भूत्वा भविता वा न भूयः ।
अजो नित्यः शाश्वतोऽयं पुराणो न हन्यते हन्यमाने शरीरे ।२०।

न जन्मन्छ यो न मर्दछ वा कुनै कालमा ।
न यो भयो वा हुनेछ फेरि त्यसमा ॥
अज नित्य शाश्वत पुरातन पनि भएको ।
शरीर मरेर पनि नमर्ने आत्मा हो यो ॥२०॥

वेदाविनाशिनं नित्यं य एनमजमव्ययम् ।
कथं स पुरुषः पार्थ कं घातयति हन्ति कम् ॥२१॥

सदा अविनाशि जान्दछ जस्ले यस्लाई ।
अजन्मा अव्यय भएको पनि त्यसलाई॥
कसरी त्यो पुरूषले पार्थ एक अर्कालाई ।
घात गरेर मार्छ कस्ले कस्लाई ॥२१॥

वासांसि जीर्णानि यथा विहाय नवानि गृह्णाति नरोऽपराणि ।
तथा शरीराणि विहाय जीर्णान्यन्यानि संयाति नवानि देही ।२२।

पुराना वस्त्र त्यागेर जसरी ।
नयाँ वस्त्र पहिरन्छन् मनुस्यले फेरि ॥
जीर्ण शरीर त्यागेर त्यसैगरी ।
अर्को नयाँ देह प्राप्त गर्छ देहीले अनि ॥२२॥

श्रीमद्भगवद्गीता माता प्रकाश एवम् श्री विष्णु सहस्रनाम किताव

बजारमा आइसकेको छ ।

मूल श्लोक सहित सरल नेपाली श्लोकार्थ भएको पुस्तक अवश्य पढ्नुहोला । ज्यादै उपयोगी छ ।

पाइने ठेगाना

आर.डी. बुक्स भोटाहिटी

काठमाडौं, टेलिफोनः ०१-४२५२३२०

जन्म शताब्दी विशेष

स्वामी विवेकानन्दको सिंहनाद

द्वारिकाप्रसाद पौडेल

सन् १८६३ जनवरी १३ मा भारतको कलकत्ता शहरमा बालक नरेन्द्रनाथ दत्त (नरेन) को जन्म एक शिवभक्त परिवारमा भएको थियो । 'हुने विरूवाको चिल्लो पात' भनेझैं नरेन तीक्ष्ण दिमाग र जिज्ञासुको रूपमा चिनिए । हिन्दु धर्ममा भएका विसंगति र विकृतिदेखि चिन्तित थिए, तापनि भगवान्मा अगाध विश्वास थियो । नरेन एक दिन प्रख्यात योगी रामकृष्ण परमहंसका सामुन्ने पुगी प्रश्न गरे- 'के तपाईंले भगवान् देख्नु भएको छ ? मलाई देखाउन सक्नु हुन्छ ?' रामकृष्ण परमहंस हाँस्दै भन्नुहुन्छ- 'हो मैले भगवान्लाई देखेको छु, म भगवान्सँग त्यसरी नै कुरा गर्न सक्छु जसरी तिमीसँग कुरा गरिराखेको छु ।'

नरेन आफूले वर्षौंदेखि खोजेको सही उत्तर पाएर रामकृष्ण परमहंसको प्रमुख शिष्य बनी स्वामी विवेकानन्दको नामबाट विश्वमा परिचित भए । विवेकानन्दको अर्थ हुन्छ सत्य-असत्य, न्याय-अन्याय, असल खराब छुट्याउने विवेकको विकास हुनु । रामकृष्ण परमहंसले आफ्नो सम्पूर्ण आध्यात्मिक शक्ति विवेकानन्दलाई प्रदान गरी संसारबाट विदा लिनु भयो । सर्वप्रथम आफ्नो देशको अवस्था बुझ्न स्वामी विवेकानन्दले भारतको हिमालदेखि कन्याकुमारी सम्मको यात्रा गर्नुभयो र तत्पश्चात् ठूलो अनुभव प्राप्त गर्नुभयो । हिन्दुधर्मको ज्ञान विज्ञानलाई विद्यार्थी, शिक्षक, कर्मचारी, पण्डित, विद्वान्, व्यापारी, राजा-महाराजा र सर्वसाधारण बीच चेतना फैलाउनु भयो । स्वामीजीका सन्देश सुनेपछि सबैले उहाँलाई धार्मिक नेताको रूपमा स्वीकार गरे ।

यसैबीच अमेरिकाको शिकागो शहरमा विश्वव्यापी धर्म सम्मेलन हुने सूचना पाएपछि स्वामीजीका सबै भक्तहरूले उक्त सम्मेलनमा जान अनुरोध गरेपछि माता शारदादेवीको आशीर्वाद र आदेशबाट १८९३ मा सिङ्गापुर, हङकङ, जापान, क्यानडा हुँदै स्वामी विवेकानन्द अमेरिका पुग्नुभयो । शुरूमा स्वामीजीलाई केही कठिनाइ पनि आइपऱ्यो किनकी उहाँसँग सम्मेलनमा भाग लिनका लागि कुनै धार्मिक संस्थाको प्रतिनिधि प्रमाणपत्र थिएन । भगवान्को कृपाले धर्मसभामा अन्तिम वक्ताको रूपमा ३० वर्षका युवक स्वामीजी खडा भई- 'मेरा अमेरिकाबासी दिदी-बहिनी तथा दाजु-भाइहरू' भन्दा १० औं हजार श्रोताहरूले भरिएको सभाभवन करतल ध्वनीले गुञ्जयमान भयो । उहाँले हिन्दु धर्मको वैज्ञानिक व्याख्या यसरी गर्नुभयो कि सम्पूर्ण श्रोतागण मन्त्रमुग्ध भए । हिन्दु धर्मको वैज्ञानिक व्याख्या सुन्दा अमेरिकाका विद्वान् जगत्ले हिन्दुधर्म नै सर्वश्रेष्ठ धर्म हो र सम्पूर्ण धर्मको जननी हो भन्ने आत्मसात गरे । असली कल्याणकारी र वैज्ञानिक धर्मको मर्म सुन्ने सौभाग्य अमेरिकीवासीले पाएपछि स्वामीजीप्रति कृत्यकृत्य भए । स्वामीजीका सामुन्ने अनेकौं धनाढ्य अमेरिकी आएर शिष्य बन्न तयार भई भन्न थाले- 'के हाम्रो धन र बुद्धि सनातन धर्म पुनरूत्थानका लागि काम लाग्न सक्दैन ?' तत्पश्चात् 'रामकृष्ण मिसन ट्रष्ट'को स्थापना भई हिन्दु धर्मको प्रचार-प्रसारको साथै शैक्षिक केन्द्र, सांस्कृतिक केन्द्र, अस्पताल जस्ता सेवामूलक कार्य व्यापक रूपमा हुन थाल्यो । हाल विश्वभर १८० राष्ट्रमा रामकृष्ण मिसन ट्रष्टले सेवा पुऱ्याइरहेको छ ।

अमेरिकाको सफल भ्रमणपछि स्वामीजी बेलायत पुग्नु भई वैदिक धर्मलाई उचाईको शिखरमा पुऱ्याउनु भयो । वेलायतमा प्रबुद्ध वर्गहरूले स्वामीलाई गुरूको रूपमा स्वीकारे । प्रमुख शिष्य बन्ने सौभाग्य आइरिस केटी सिष्टर निवेदिताले पाइन् । बेलायत भ्रमणपछि स्वामीजी थुप्रै शिष्य तथा शिष्याहरूका साथ पानीजहाजबाट भारत फर्कनुभयो । मुम्बईमा जहाजबाट उत्रने वित्तिकै स्वामीजीलाई एक आकर्षक रथमा राखी नगर परिक्रमा गराइयो । ठूलाबडा, राजा-महाराजा र व्यापक जनसमुदायले उक्त रथ तानेका थिए । स्वामीजीप्रति देशवासीले देखाएको त्यो मानसम्मान निश्चय पनि सनातन वैदिक धर्मकै सम्मान

थियो ।

स्वामीजीप्रति साधु-सन्त, विद्वान् र पत्र-पत्रिकाका उद्‌गार

स्वामी रामकृष्ण परमहंश (गुरू): 'भागवत प्रेम कस्तो हुन्छ, ईश्वर कसरी जान्न सकिन्छ, गरीबको दुःखदर्द कसरी मेटाउन सकिन्छ सो थाहा पाउन र हिन्दु धर्मलाई संसारभर प्रचार गर्न विवेकानन्दको जन्म भएको हो ।'

शिवपुरी बाबा : 'भगवान्‌ले विवेकानन्द जस्तो व्यक्तिलाई संसारको मद्दत गर्न रोज्नुभयो । शंकराचार्यझैँ उहाँ पनि युवा उमेरमा नै आफ्नो कर्तव्य पूरा गरी जानुभयो ।'

डा. स्वामी प्रपन्नाचार्य : 'स्वामी विवेकानन्दको अमूल्य व्यक्तित्व र जीवनलाई नियाल्दा अत्यन्त छोटो आयुमा हिन्दु धर्म-संस्कृतिको वैज्ञानिक व्याख्या र महिमालाई जन्मभूमि भारत लगायतमा विश्वव्यापीकरण गर्नुभयो । आध्यात्मिक जगत्‌मा उहाँ सदा आदरणीय, पूजनीय र सन्माननीय रहिरहनु हुन्छ ।'

प्रा. राइट (हावर्ड विश्वविद्यालय): 'भारतबाट आएका युवक सम्पूर्ण अमेरिकन विद्वान्‌भन्दा बढी विद्वान् छ । धर्मसभामा बोल्नका लागि स्वामी विवेकानन्दसँग परिचय खोज्नुको मतलव सूर्यलाई टर्चलाइट देखाउनु सरह हो ।'

अमेरिकी महिला पर्यवेक्षकः 'हे आकर्षक सुन्दर युवक यदि तिमीले अमेरिकन सुन्दर युवतीहरूको सम्मोहन वाणलाई रोक्न सक्यौ भने तिमी वास्तवमा भगवान् हुने छौ ।'

अमेरिकन पत्र-पत्रिकाः 'विशाल धर्मसभाका नायक थिए अति सुन्दर संन्यासी स्वामी विवेकानन्द । भाषामा मिठास र मृदृता, बोलीमा ज्ञान र विज्ञान ।'

न्युर्योक हेराल्ड- (१८९३): धर्म सभा (शिकागो)का महान् हस्ति स्वामी विवेकानन्द हुनुहुन्छ । उहाँको भाषण सुनेपछि हामी कति मुर्ख छौं भन्ने लाग्यो । किनकी त्यस्ता स्वामी-संन्यासी भएको देशमा धर्मपरिवर्तन गर्नको लागि हामी मेसिनरी पठाउँछौ ।

बारक ओबामा (पूर्व राष्ट्रपति सयुंक्त राज्य अमेरिका) : भारत वर्षको गति भनेको सबैको अन्तरमिलन गराउनु हो । जसको बारेमा मेरो गृहनगर शिकागोमा सयौं वर्षपूर्व एकप्रतिष्ठित यात्री स्वामी विवेकानन्दले गुणगान गाउनु भएको थियो ।

"बेलायती पत्रिकाः 'स्वामी विवेकानन्द बुद्ध र क्राइष्ट जस्तै महान् आत्मा हुन् ।'

फ्रान्सेली पत्रिकाः 'उदार हृदयका आकर्षक स्वामी विवेकानन्दको भाषण सुन्दा लाग्दथ्यो विद्वान् वर्ग यस्तै व्याख्याको खोजमा थिए ।'

जापनिज पत्रिकाः 'स्वामी विवेकानन्द महान् आत्मा हुन्, यो एसिया कै गौरव हो ।'

भारतीय पत्रिकाः 'हिन्दुधर्मको व्यापकतालाई विश्वमा फैलाउने काम स्वामी विवेकानन्दले गर्नुभयो । भारतमा त उहाँलाई आधुनिक शंकराचार्यको रूपमा पनि हेर्न थालिसके ।'

स्वामी विवेकानन्दप्रति विदेशमा रोचक तथा प्रेरक प्रसंग

❖जापानः जापानको एउटा पसलमा स्वामीजीले आँप किन्दा पसलेले २/४ वटा नराम्रो आँप भिडाएको दृश्य एउटा किशोरले देखेर पछि पछि दगुर्दै स्वामीजीलाई भन्यो 'तपाईंलाई पसलेले नराम्रा आँप दिएर ठगेको छ । त्यो आँप मलाई फिर्ता दिनोस् म तपाईंलाई राम्रा राम्रा आँप धेरै दिन्छु ।' स्वामीजी युवकप्रति प्रभावित भएर भन्नुभयो- 'बाबु मलाई यत्रो सद्‌भाव देखायौ म तिमीलाई के दिन सक्छु ।' युवक नम्र भएर भन्छ 'मलाई केही दिनु पर्दैन, तपाईं आफ्नो देशमा फर्केर जापानमा पसलेले ठगेको नभनिदिनुहोला किनकि यसले हाम्रो देशको इज्जतमा धक्का पर्दछ ।'

❖अमेरिका : राकफेलर (१८३९) नामको एक प्रसिद्ध धनी व्यापारी आफ्ना मित्रसँग स्वामीजीलाई भेट्न पुग्दा सामान्य चासो मात्र देखाउनु भयो । प्रसंग चलेपछि विवेकानन्दले भन्नुभयो- 'समाज कल्याणको काममा नआएको धनको के अर्थ हुन सक्दछ ? राकफेलरको आँखा खुल्यो र आफ्नो सम्पूर्ण धन-सम्पत्ति समाजहितका लागि प्रयोग गर्ने उद्देश्यले राकफेलर फाउण्डेसन ट्रष्टको घोषणा गरे । सो ट्रष्ट विश्वका ठूला ट्रष्टमध्ये पर्दछ र अनेकौं विद्यालय, महाविद्यालय, अस्पताल त्यसमार्फत सञ्चालन भइराखेको छ । राकफेलर पुनः विवेकानन्द सामुपुगी भन्छन्- 'मैले तपाईंले भनेको सरह गरें अब त धन्यवाद दिनुहोस् । विवेकानन्द भन्नुहुन्छ- 'धन्यवाद कसले कसलाई दिने ? तिम्रो जीवनमा यत्रो ठूलो सुधार आयो, त्यसका लागि तिमीले धन्यवाद दिने कि मैले ?'

❖आफ्नो अमेरिका बसाइकै क्रममा स्वामी विवेकानन्द उद्यानमा बसी प्रकृतिको आनन्द लिइरहनु भएको अवस्थामा युवाहरूको एक समूह स्वामीजीका विचित्रका भेषभूषा देखेर हाँसे । स्वामीजीले प्रेम पूर्वक सोध्नुभयो- 'हे युवक तिमीहरू किन हाँसेका ?' एक युवकले उत्तर दिए- 'हामी तपाईंका विचित्रको लुगाको पहिरन देखेर हाँसेको, तपाईं को हो, कहाँबाट आउनुभयो ?' स्वामी विवेकानन्द भन्नुहुन्छ- 'म भारतबाट आएको साधु हुँ, जहाँ लुगाको लवाई पहिरनबाट मानिसको मूल्यांकन नगरी कर्म र चरित्रबाट मानिसको पहिचान गरिन्छ ।' लुगाको पहिचान र मूल्यांकन त एउटा लुगा सिउने दर्जी (त्वषयिच) ले मात्र गर्न जान्दछ ।' युवाहरूको मुखमण्डल रातो भई स्वामीजीसँग माफी मागे ।

❖ आफ्नो दिव्य आध्यात्मिक भ्रमणको सिलसिलामा स्वामीजी अमेरिकामा हुनुहुन्थ्यो । साँझको बेला समुद्रको किनारमा हिंडिरहँदा उहाँ देख्नुहुन्छ; केही युवाहरू रबरको बललाई पानीमा फालेर बन्दुकले निशाना लगाउने खेलबाट आनन्द लिइरहेका थिए । तर जति प्रयास गरे पनि बन्दुकको निशाना ठीक ठाउँमा लागेको थिएन । निशाना बारम्बार चुकेकोमा स्वामीजी हाँस्नु भयो । एक युवकले सोधे 'महाशय निशाना ठीक ठाउँमा लगाउनु बच्चाको खेल होइन कठिन कार्य हो, ठूला ठूला निशानावाजहरू पनि चुक्छन् ।' विवेकानन्द केही नबोली युवकसँग बन्दुक लिएर भन्नुहुन्छ- 'भाइ बल फाल त । युवकले बल फाले स्वामीजीले बन्दुकको निशाना ठीक स्थानमा लगाउनु भयो । एक पटकलाई सबैले दैवसंयोग ठानेर एउटा युवकले भन्यो- 'फेरि निशाना हाल्नोस् त !' फेरि पनि निशाना ठीकसँग लाग्यो । आश्चर्य मानी युवाले भने 'पक्कै पनि तपाईं पेशेवर निशानाबाज हुनुहुन्छ ।' स्वामीजी मुसुक्क हाँस्दै भन्नुहुन्छ- 'मैले जीवनमा प्रथम पटक बन्दुक चलाएको ।' युवाहरूले पत्याएनन्, स्वामीजीले सबै युवाहरूलाई आफ्नो अगाडि राखी स्नेहले भन्नुभयो- 'यसमा आश्चर्य मान्नै कुनै कुरा छैन । यो सब मनको एकाग्रता (अयलअभलतचबतष्यल) बाट हुन्छ ।' एकाग्रता कसरी बढाउने युवकले प्रश्न गरे । स्वामीजी भन्नुहुन्छ- 'नित्य ध्यान (ःभमष्तबतष्यल) गर्नाले एकाग्रता बढी जीवन सफल, सार्थक र आन्नदमय पनि बन्दछ ।'

❖ बेलायत : स्वामी विवेकानन्द बेलायतमा हुनुहुन्थ्यो । धनवीर-दानवीर, उद्योगपति जमशेद टाटा (रतन टाटाको पूर्वज) टाटा उद्योग खोल्न विशेषज्ञसँग परामर्श र जानकारी लिन बेलायत भ्रमणको क्रममा स्वामीसँग भेटघाट भयो । जमशेद टाटाले सरल र निर्मल भावमा स्वामीजीलाई भन्नुभयो, 'स्वामीजी देशमा स्टील उद्योग खोलेर भारतलाई समृद्ध बनाउन चाहन्छु । त्यसको लागि प्रचुर मात्रामा कोइला, पानी, फलाम, जमिन र जनशक्ति चाहिन्छ । त्यत्रो ठूलो भारतमा कुन स्थानबाट शुरू गर्दा सफल होला ?' स्वामीजीले अतीन्द्रिय दिव्य शक्तिको माध्यमबाट भूगर्भमा दबेर बसेको सम्पदालाई देख्नु भई भन्नुभयो, 'बिहारको वर्तमान जमशेदपुर ।' आज जमशेदपुर



टाटा उद्योग एसियाकै ठूलो उद्योगमा पर्दछ ।

क्रिश्चियन राष्ट्रको देश अमेरिका, फ्रान्स, जापान (बुद्धधर्म), इङ्गलैण्ड, स्वामीजीका कार्य क्षेत्र थिए । सबै धर्मावलम्बीहरू स्वामीजीको हिन्दु धर्म वैज्ञानिक प्रवचन शान्तपूर्वक सुन्दथे । विरोध र आलोचना गर्ने शक्ति र सामर्थ कसैमा थिएन, किनकि वैदिक हिन्दु धर्म नै विश्व धर्म भएकाले विरोध केका र कसका लागि गर्ने ? स्वामीजी ९/१० वर्षको अवधिमा २ पल्ट युरोप तथा अमेरिका पुग्नुभयो । अन्त्यमा ३९ वर्षको आयुमा १९०२ जुलाई ४ का दिन महासमाधि लीन हुनुभयो । स्वामीजीका ओजस्वी विचारहरू आज पनि विश्वमा मानव कल्याणका लागि अत्यन्तै उपयोगी भइराखेका छन् ।❖

-धुम्वाराही, काठमाडौं

यदि तपाई धितोपत्र (शेयर, ऋणपत्र, सामूहिक लगानी योजनाको इकाई आदि) मा लगानी गर्दै हुनुहुन्छ भने लगानी गर्नु अघि निम्न कुराहरुमा विशेष ध्यान दिनुहोस् ।

- धितोपत्रमा गरिने लगानीमा प्रतिफल तथा जोखिम दुवै हुने हुँदा हल्ला, अनावश्यक प्रचार प्रसार वा कसैको बहकाउमा नलागी बजार तथा कम्पनीको बास्तविक बस्तु स्थिति बुझेर आफ्नो स्वविवेकमा नै लगानी सम्बन्धी निर्णय गर्नुहोस । साथै आफ्नो जोखिम बहन गर्न सक्ने क्षमताको मूल्याकंन समेत गर्नुहोस् ।
- धितापत्रको प्राथमिक बजारमा निष्काशन गरिने धितोपत्रमा लगानी गर्नुअघि धितोपत्र निष्काशनकर्ता कम्पनीको आव्हानपत्र तथा विवरणपत्र मार्फत प्रवाहित जानकारीहरू मूख्यतया कम्पनीको संस्थापक तथा व्यवस्थापन पक्ष, वित्तीय स्थिति (नेटवर्थ, नाफा नोक्सान स्थिति, आदि), लगानी योजना, जोखिम पक्ष, क्रेडिट रेटिङ्गको स्तर जस्ता कुराहरूको विश्लेषण गर्नुहोस् ।
- नेपाल धितोपत्र बोर्डमा दर्ता भएको तथा नेपाल स्टक एक्सचेन्ज (नेप्से)मा सूचीकृत धितोपत्रमा मात्र लगानी गर्नुहोस् ।
- प्राथमिक बजारमा लगानी गर्न निक्षेप सदस्यकोमा हितग्राही खाता (Demat Account) खोली आफ्नो बैकं खाता रहेको बैंकबाट आस्वा वा सि-आस्वा रजिष्ट्रेशन नं. लिई अनलाईनबाट सहजरूपमा लगानी गर्नुहोस् । धितोपत्र बजारमा लगानी गर्न हितग्राही खाता (Demat Account) अनिवार्य गरिएको हुँदा, सिडिएस एण्ड क्लियरिङ्ग कम्पनी लिमिटेड (सिडिएससी) तथा निक्षेप सदस्यसँग सम्पर्क राखी बैंक खाता सहितको ग्राहक परिचय विवरण (KYC Form) अनिवार्यरूपमा भरी हितग्राही खाता (Demat Account) खोलेर धितोपत्र खरिद बिक्री कारोवार गर्नुहोस् । आफूले खरिद गरेको धितोपत्र समयमै आफ्नो खातामा जम्मा भए/नभएको ध्यान दिनुहोस् ।
- धितोपत्र बजारमा देशको समग्र आर्थिक तथा राजनैतिक स्थितिले प्रत्यक्ष प्रभाव पार्ने भएकाले धितोपत्रमा लगानी गर्दा यस प्रति समेत सजग रहनुहोस् ।
- धितोपत्रको दोस्रो बजारबाट कारोबार गर्दा सधैं नेप्सेको विद्युतीय कारोबार प्रणाली वा बोर्डबाट अनुमति प्राप्त धितोपत्र दलाल तथा तिनको शाखा कार्यालयबाट मात्र गर्नुहोस् ।
- धितोपत्र कारोवारमा रकमको लेनदेन गर्दा अनुमति प्राप्त बैंक तथा वित्तीय संस्था मार्फत मात्र गर्नुहोस् ।
- पूँजी बजार सम्बन्धी नीति, नियम तथा निर्देशनहरूले धितोपत्रको मूल्यमा असर पार्ने भएकाले सुसूचित निर्णयका लागि बोर्ड, नेप्से, नेपाल राष्ट्र बैंक, अर्थ मन्त्रालय तथा बीमा समितिको वेबसाइट हेर्ने गर्नुहोस् ।
- बोर्डबाट रेडियो नेपालमार्फत प्रत्येक महिनाको पहिलो र तेस्रो शनिबार बिहान ७.४० देखि ७.५५ सम्म सञ्चालन गरिने धितोपत्र तथा वस्तु विनिमय रेडियो कार्यक्रम सुनेर बजार सम्बन्धी जानकारी लिनुहोस् ।
- लगानीकर्ताको अधिकार तथा जिम्मेवारी सम्बन्धमा धितोपत्र सम्बन्धी ऐन नियम, कम्पनी ऐन तथा अन्य सम्वन्धित ऐन नियमहरूको साथै बोर्डबाट भएका व्यवस्थाहरूबारे जानकारी राख्न धितोपत्र सम्बन्धी ऐन नियमहरू र अन्य व्यवस्थाको जानकारी बोर्डको वेबसाइट (www.sebon.gov.np) तथा बोर्डको सम्बन्धित प्रकाशनमार्फत समेत हेर्नुहोस् ।

धितोपत्रमा लगानी सम्बन्धमा कुनै जिज्ञासा, गुनासा तथा उजुरीहरू भएमा बोर्डको वेवसाईटमा रहेको Grievance button वा gunaso@sebon.gov.np वा टोल फ्रि.नं. १६६०-०१-४४४३३ (नि:शुल्क) वा हटलाइन नं ५५४४०७६ वा बोर्डको ठेगानामा पठाउनुहोस् ।

नेपाल धितोपत्र बोर्ड
पो.व. नं. ९०३१, खुमलटार, ललितपुर
फोन: ०१-५५४१०५७, ५५५११६२, ५५४४०७७, ५५५०५११
फ्याक्स: ०१-५५४१०५८ टोल फ्रि.नं. १६६०-०१-४४४३३
ईमेल ठेगाना: support@sebon.gov.np
वेबसाइट: www.sebon.gov.np

दत्तात्रय (अवधूत) प्रसङ्ग

-मोहनप्रसाद आचार्य

हिन्दुहरूका विभिन्न देवदेवीहरू मध्ये दत्तात्रय पनि एक हुन् । हाम्रो शास्त्रले वर्णन गरेका अनन्य देवताहरूमा दत्तात्रेयको स्थान त्रिदेवको समकक्ष मै पर्न आउँछ र पर्दछ ।

सत्ययुगको कुरा हो, त्यस बेला अत्रि नामक ऋषि थिए । उनकी स्त्री हुन् अनसूया । अनुसूयालाई महासती पनि भनिन्छ । यिनै अनुसूयाको प्रथम पुत्रको रूपमा दत्तात्रेयको जन्म भएको हो । भगवान् विष्णु नै महासती अनसूयाको शक्ति र स्तुतिबाट प्रसन्न भई आफ्नो सत्व स्वरूप गुणले पुत्र स्वरूप भई प्रकट भएको भनिन्छ । त्यसै गरेर दत्तात्रयलाई लोकपितामह ब्रह्मा, योगिश्वर भगवान् शंकर तथा नारायणका संयुक्त अंशको रूपमा पनि हाम्रा दर्शन तथा शास्त्रहरूले स्वीकार गरेको पाइन्छ । दत्तात्रेय महाज्ञानी तथा वैराग्यका प्रतिमूर्ति नै थिए । आत्मज्ञाता थिए । आफ्नो सम्पूर्ण जीवनलाई अवधूत भेषद्वारा व्यतित गराएका थिए । संसारलाई आफ्नो ठान्ने, जहाँ इच्छा हुन्छ त्यहाँ जाने आफ्नो शरीरलाई पनि शरीर भएका प्राणी देहधारी नठान्ने, जस्तो मिल्छ त्यस्तै लाउने, खाने, स्वतन्त्र विचरण गर्ने अवधूत वृत्ति भएका थिए । दत्तात्रय (अवधूत) गुरूलाई सर्वस्व ठान्दथे । आफ्नो आत्मालाई नै आफ्नो गुरू मान्दथे । सर्वस्व ठान्दथे ।

दत्तात्रयले आफ्नो जीवन कालमा ज्ञान वैराग्यले युक्त भएका ब्रह्मज्ञान यसलाई बुझाउने ब्रह्मज्ञान बाहेक ईश्वरको सामिप्यमा पुऱ्याउने बस्तु साधन अर्को छैन भन्ने शिक्षाले युक्त भएका गीता बनाएका थिए । त्यसैलाई अवधूतगीता भनेर भनिन्छ । केही समय राज्यको बागडोर समेत हातमा लिएका भनिएका दत्तात्रेयलाई राज्य शासनमा वितृष्णा उत्पन्न हुन गयो । फलस्वरूप राज्य सुखलाई त्याग गरी अवधूत जीवन विताउन लागे । दत्तात्रेयमा कुनै राग थिएन, वासना थिएन । अहंकार थिएन । आफू आफैंमा मग्न भएर यत्र, तत्र सर्वत्र विचरण गर्दथे । त्यस प्रकारको जीवन वृत्ति अपनाएका दत्तात्रेयलाई स्वामी पनि भनिन्थ्यो । दत्तात्रेयका धेरै चेलाहरू थिए । यस्ता चेलाहरूमा महाप्रतापी कृतवीर्यका छोरा कार्तवीर्य जसलाई सहस्रार्जुन भनिन्छ, प्रमुख चेला थिए । कार्तवीर्य अर्जुनलाई दत्तात्रेयबाटै वरप्रदान भएको आत्मज्ञान दिइएको हो भन्ने पनि पाइन्छ ।

दत्तात्रयले रचना गर्नुभएको आठ अध्यायले युक्त भएको गीता जसलाई अवधूतगीता भनेर भनिन्छ, त्यसमा आफैले गुरू बनेर शिष्यलाई आत्मज्ञानको उपदेश दिइएको छ । यसरी दत्तात्रयले शिष्यको मनमा भएको सन्देह तथा अज्ञानलाई गुरू बनेर अन्त्य तथा समाधान गरिदिएको पाइन्छ ।

आत्मैव केवल सर्व भेदाभेदो न विद्यते ।

आस्ति नास्ति कथं बुया विस्मयः प्रतिभातिमे ॥ (अवधूतगीता १/९)

अर्थात् यो सम्पूर्ण ब्रह्माण्डमा केवल आत्मा नै सत्य हो । आत्मादेखि बाहेक अन्य कुनै साधन (पदार्थ) सत्य होइन र छैन पनि । सबै असत्य हो, झुठो हो । सबै रूप स्वरूपहरू आत्मा हुन् । आत्मा बाहेक केहि होइन । विश्व कल्पित प्रपञ्च मात्र हो । आत्मा (ब्रह्म) अजर छ, अमर छ, अद्वितीय छ । यो कसैसँग दाज्न सकिने साधन होइन भन्ने उनको धारणा थियो ।

दत्तात्रय आफ्ना शिष्यलाई तत्त्वज्ञान दिँदै यस्तो भन्दछन्-

घटे भिन्ने घटाकाश आकारी लीयते यथा ।

देहाभावे तथा योगि स्वरूपे परमात्मनि ॥ अद्भूतगीता २/२५

अर्थात्, घडामा देखिने अथवा रहेको आकास

घडाको अस्तित्व रहनुन्जेल मात्र रहन्छ । जब घट (घैटो) नाश हुन्छ त्यहाँको आकाश महाकाश मै मिल्न पुग्दछ लय हुन्छ । ठिक त्यसै गरेर मनुष्य (जीवात्मा) को शरीर मृत्यु पछि परमात्मा मै लीन हुन्छ । दुवै आ-आफ्नो स्वरूपमा लीन भई अभेद बन्न पुग्दछन् ।

विशेष गरेर आफ्नो आत्मालाई नै सर्वश्रेष्ठ गुरूको श्रेय दिने दत्तात्रेयले प्रत्यक्ष रूपमा आत्माको ज्ञानद्वारा नै संसारका मनुष्यहरूको कल्याण हुने कुरा बताएका छन् । यसै सन्दर्भमा कुनै राजाको प्रश्नमा दत्तात्रेयले आफूले कुनै एक व्यक्तिलाई गुरू नबनाएको, कुनै पनि व्यक्तिसँग मन्त्र ज्ञान नलिएको बताएका छन् । तर पनि आफूलाई जो जसबाट जेजस्ता गुणहरू मिलेको छ, प्राप्त भएको छ, तिनलाई मात्र गुरू बनाएको र त्यस्ता गुण आधारमा आफूले २४ (चौवीस) गुरू मानेको कुरा दत्तात्रय बताउँदछन् ।

दतात्रय जसलाई अवधूत भनिन्छ, उनले यदुनाम भएका राजालाई आफ्ना २४ गुरुहरूको बारेमा वर्णन गरेको प्रसङ्ग भगवान् श्रीकृष्णले आफू स्वधामगमन गर्नु पूर्व भक्त उद्धवलाई तत्त्वज्ञान (आत्मज्ञान) दिने सन्दर्भमा वर्णन गर्नु भएको पाइन्छ । दत्तात्रय प्रसङ्ग श्रीमद्भागवत एकादश स्कन्धको ७ देखि ९ सम्म अध्यायले अवधुतोपाख्यानको रूपमा वर्णन गरिएको छ । ती हुन्-

१. पृथ्वी, २. जल, ३. अग्नि, ४. वायु, ५. आकाश, ६. चन्द्रमा, ७. सूर्य, ८. परेवा, ९, अजिङ्गर, १०. समुद्र, ११. पुली, १२. भ्रमरो, १३. माउरी, १४. हात्ती, १५. मग, १६. माछा, १७. वेश्या (पिङ्गला), १८. कुररचरो (न्याउली चरी), २० कुमारी, २१. सर्प, २२. वाण बनाउने शरकृत, २३. माकुरो र २४ कुमालकोटी ।

यसप्रकारका २४ गुरू वाहेक मेरो २५ सौं गुरू आफ्नै देह हो । यही देह रहे मैले विवेक वैराग्यको शिक्षा ग्रहण गर्न सक्छु । तर मरणशिल शरीरको लिप्सामा पर्न हुन्न, आफ्नो ठान्न हुन्न भन्ने तत्त्व चिन्तन गरेर असङ्ग रहनु पर्छ । शरीरको मोहमा भन्दा भगवत् मोहमा लाग्नु श्रेयस्कर हो भन्ने शिक्षा समेत गुरू दत्तात्रेयबाट भएको छ । जुनकुरा देह रहेमा मात्र सम्भव हुन्छ-

देहो गुरुर्मम विरक्ति विवेकहेतु
बिंभ्रत स्म सत्त्व निधनं सतातार्त्युदर्कम् ।
तत्त्वान्यनेन विमृशामि यथा तथापि
पारक्यामत्थ बसितो विचराम्य सङ्ग ॥ (श्रीमद्भागवत १४/२५)

आफ्नो जीवन कालमा माथी उल्लेख गरिएका २४ गुरुहरूबाट आफूलाई परमार्थ तत्त्वको ज्ञान भएको बताउने दतात्रय आफ्नै स्वरूपमा स्थित हुने गर्दथे । उनलाई कुनै प्रकारको चिन्ता थिएन । संसारलाई हेर्ने दृष्टिमा भेद थिएन । सधैं आत्मानन्दमा मस्त हुन्थे । जहाँ मन लाग्यो त्यहाँ जाने बस्ने गर्दथे । आफूले पाएको आत्मज्ञानको शिक्षा आफ्नो शिष्य बन्न आउनेलाई दिने गर्दथे । यस प्रकारको अवधूत स्वरूप थियो स्वामी दत्तात्रयको ।

आफ्नो आत्मालाई नै विशेष गरेर आफ्नो गुरू मान्ने दत्तात्रेयको स्वभाव थियो । आत्मज्ञान वाहेक अर्को ज्ञानले संसारका प्राणीको कल्याण हुन सक्तैन भन्ने उनको विश्वास थियो, मान्यता थियो । यिनै स्वभावका कारणले गर्दा उनलाई भगवान् विष्णुको अवतार भनेर भनियो । ज्ञान तथा वैराग्यरूपी गुणले परिपूर्ण थिए दत्तात्रेय । उनमा अपूर्णताको संकेत र गन्ध समेत थिएन ।

हिन्दु धर्म तथा दर्शनले ब्रह्मा, विष्णु, महेश्वर; त्रिदेवको एउटै स्वरूपमा चित्रण गरिएका दत्तात्रयलाई ३ शिर, ६ हात, ९ आँखाले युक्त भएको भनेर वर्णन गरिएको पाइन्छ। दत्तात्रयका ६ वटा हातहरूमा त्रिशुल, चक्र, डमरू, शंख, भिक्षापात्र र कमण्डलु जस्ता आयुधहरूलाई धारण गर्ने गरेको पाइन्छ । गलामा रूद्राक्ष तथा सर्पको माला धारण गरेका, यज्ञोपवित लगाएका, शिरमा सुन्दर मुकुट धारण गरी शरीरमा कुटुरो (कुनै सामान बोकेको) लिएका दत्तात्रयको स्वरूप देखापर्दछ। यसबाट दत्तात्रयलाई अत्रि तथा अनसूयाको गर्भबाट प्रकट भएका त्रि-देव कै स्वरूपमा ग्रहण गर्न सकिन्छ ।

अत्रि तथा महासति अनुसूयाको गर्भबाट दत्तात्रयको उद्भव अर्थात् प्रादुर्भाव भएपछि उनका भाइका रूपमा दुर्वासा र चन्द्रमाको जन्म भएको मानिन्छ । आशुतोष भगवान् शङ्कर आफ्नो तमोगुण स्वरूपले दुर्वासा भई जन्मेको र यसपछि ब्रह्मदेव आफ्नो रजोगुणले चन्द्रमा भई जन्मेको प्रसङ्ग समेतले गर्दा दत्तात्रेयलाई त्रिदेव कै अर्को स्वरूपमा राख्न सकिन्छ। मान्न पनि सकिन्छ।

महाज्ञानी अवधूत दत्तात्रयका प्रस्तरमा कुदिएका प्राचीन मूर्तिहरू भारत सहित नेपालका विभिन्न स्थानमा पाइन्छ। प्राचीन कला कौशलले भरिएको, काष्ठ कलाको प्रचूर धनी भएको प्राचीन भक्तपुर सहर भित्र दत्तात्रयको प्रसिद्ध मन्दिर रहेको छ। वर्षभरि नै हरेक बुधवार पर्वको रूपमा भक्तजनहरू आउने यस मन्दिरमा पौष महिनाको बुधवार भने भक्तजनको विशेष उपस्थिति रहने गर्दछ । विश्व सम्पदा क्षेत्रको सूचिमा परेको यो मन्दिरमा बुधवार कै दिन दहि चिउराको भोग पनि लाग्दछ । फागुन कृष्ण पक्ष त्रयोदशीका दिन ठूलो बेला लाग्दछ। भगवान् दतात्रयको दर्शन गर्न विदेशबाट समेत श्रद्धालुहरू आउने गर्दछन् । यो दिन भगवान् शिवको महाशिवरात्रीको दिन हो । प्राचीनकालदेखि नै दत्तात्रयका मूर्तिहरू पूजा हुने प्रचलन रहँदै आएकोले पनि हाम्रो धर्म तथा संस्कृतिमा दतात्रयको महत्त्वपूर्ण स्थान रहेको देखिन्छ।❖

– भौखेल- ४, चाँगुनारायण

सबै धर्मको मर्म

चेतनाको विकास

– आचार्य कमल पौडेल

बुद्धिको वैभव प्रत्यक्ष हामी समक्ष छ । विज्ञानदेखि शिक्षासम्म सबै क्षेत्रहरूमा उन्नति तीव्र रूपमा भैरहेको छ । सबै परिचित नै हुनुहुन्छ । प्रकृतिका एक-एक रहस्यहरू उजागर भैरहेका छन् । यी प्रगतिहरूले मान्छेका लागि भौतिक सुख-साधनहरूको विशाल पहाड बनाएको देख्दा आश्चर्य लाग्छ । प्रगतिको चरम सीमामा पुगिसक्दा पनि मान्छेहरू सुखी, सन्तुष्ट र प्रसन्न छैनन् । दिन प्रतिदिन दुर्बल बनिरहेका छन् । व्यक्तिगत स्तरमा वर्तमान समयको भौतिकवादी चिन्तनको दुष्परिणामहरूलाई नियाल्दा हामीहरूमा के भेटिरहेका छौं भने मानसिक बिचलन र अवसादग्रस्त जीवन । मनोचिकित्सकहरू यसलाई ` मनोव्यथा' को रूपमा परिभाषित गर्दछन् । आजका मान्छेहरू अनेकानेक मनोशारीरिक एवम् मानसिक रोगले ग्रस्त छन् । यी रोगहरूलाई मनोकायिक रोग (Psychosomatic Disorder) भन्दछन् ।

रक्तचाप, हृदयरोग, दम, मोटोपन, मधुमेह, तनाव, कुण्ठा, अन्तर्द्वन्द्व, दुश्चिन्ता आदि मनोकायिक रोग आजभोलि मनोचिकित्सकका लागि प्रश्नचिन्ह बनेर उभिएका छन् । अमेरिकाका चिकित्सालयहरूमा भएको सर्वेक्षणले २० प्रतिशत वयस्कहरू मनोविकारहरूले ग्रस्त छन् । यी मध्ये ६० प्रतिशतले मनोकायिक समस्या झेलिरहेका छन् । यू.एन.ओ को रिपोर्ट अनुसार सन् २०१५ देखि नै मनोरोगले महामारीको रूप लिने कुरा जनाएको छ । कोलमेनले वर्तमान युगलाई दुश्चिन्ताको युग (Age of Anxiety) भनेका छन् । उनको यो भनाइमा कुनै अतिशयोक्ति देखिदैन । यी रोगहरूको उपचार र समाधानमा सबै मनौवैज्ञानिकहरूको उपाय असफल देखिएको छ । त्यसकारण मानसिक स्तरमा बढिरहेको यो भयानक बिचलन, मनोविदहरूका लागि मात्र नभएर सम्पूर्ण मनुष्य जगतको लागि चिन्ताको विषय बनेको छ ।

यो विखण्डन केवल वैयक्तिक स्तरमा मात्र छ भन्ने होइन । व्यक्ति-व्यक्ति मिलेर परिवार साथै परिवारहरू मिलेर समाज र राष्ट्र बन्दछ । त्यसकारण पनि यो विचलनको स्थिति व्यक्तिगत स्तरकै भाँती पारिवारिक, सामाजिक र राष्ट्रिय स्तरमा पनि उत्तिकै दृष्टिगोचर भैरहेको देख्न सकिन्छ । परिवार टुटिरहेका छन् । पारस्परिक अविश्वास, भय, आतंकको परिधि बढिरहेको छ । अपराध रफ्तारमा बढिरहेको छ । राष्ट्र-राष्ट्रबीच देखिएको कटुता, वैमनस्य यहि विखण्डनको परिणाम हो । व्यक्तित्वको स्तर खस्किँदो छ । प्रतिभाहरू कम हुँदैछन् । मानवीय गरिमालाई ज्वलन्त राख्ने चिन्तनको उत्कृष्टता, चरित्रको आदर्शवादिता घट्दै हराउँदै गैरहेको छ । वैयक्तिक, पारिवारिक, सामाजिक, आर्थिक राजनितिक, धार्मिक, राष्ट्रिय सबै क्षेत्रहरूमा अनुपयुक्तता, अवाञ्छनीयता र अराजकता छाइरहेको छ । यस्तो स्थितिमा शान्ति, सन्तोष, एकता एवम् समता कम हुँदै जानु स्वभाविक पनि हो । परन्तु यी सम्पूर्ण गतिविधिहरू अरू केही नभएर मानवीय चेतनाको विखण्डन हो । आज मानवीय चेतना गम्भीर संकटबाट गुज्रीरहेको छ । मानवीय चेतनामा व्याप्त यो संकटले आजको सबैभन्दा ठूलो समस्याको रूपमा विद्वान्हरूलाई चुनौति दिइरहेको छ । मानवीय चेतनको विघटनलाई रोक्नु अति अनिवार्य भएको छ । यदि यसलाई रोक्न सके व्यक्तिगत स्तरदेखि लिएर राष्ट्रियस्तर सम्मका सबै समस्याहरू स्वयं समाप्त भएर जानेछन् । ईरा प्रोगाफले ठिकै भनेकी छन् 'आधुनिक मानवको वैयक्तिक चेतनामा रूपान्तरणद्वारा नै यो ऐतिहासिक दुर्घटनालाई रोक्न सकिन्छ, जसलाई सम्पूर्ण मानवजातिले सामना गर्न जाँदैछ ।'

मानवीय चेतनामा संव्याप्त यो संकटको कारण नै यहि हो कि हामीले भौतिकस्तरमा अधिक नै प्रगति गर्‍यौं र गरिरहेका छौं पनि ,परन्तु मानव सत्ताको भौतिक पक्षभन्दा पनि महत्त्वपूर्ण चेतना पक्षको विकासमा कत्ति पनि ध्यान नै दिएनौं । फलस्वरूप न त चिन्तनक्षेत्रको परिस्कृति अर्थात् बुद्धि विवेकमा रूपान्तरण हुन सक्यो न भावक्षेत्र नै विकसित भयो । आजको चिन्तन स्वार्थपरता एवम् क्षुद्र अहंकारको दायराभित्र खुम्चिएर बस्न बाध्य भयो । जसको परिणामस्वरूप मनुष्य भावनात्मक रूपमा

रिक्त हुँदै गैरह्यो । ऊ भावना लिन त चाहन्छ तर दिन चाहँदैन । यसको परिणाम विखण्डित व्यक्तित्व र मनोरोगहरूको रूपमा हाम्रो सम्मुख देखिएको छ । पं. श्रीराम शर्मा आचार्यको शब्दमा "मनोरोग अरू केही नभएर लामो समयदेखि दबाएर राखिएको भावना मात्र हो ।" यहि सन्दर्भमा प्रो. डा. बेरनी सेशेलको भनाइरहेको छ – "बढिरहेको संकीर्णताका कारण भावनात्मक सम्बन्धहरू टुट्नु नै आजको समस्याहरूको एकमात्र कारण हो ।" आधुनिक कालका प्रख्यात् मनोचिकित्सक डा. ब्रायन बीज पनि यस मतसंग पूर्णतया सहमत छन् ।

चिन्तन र भावक्षेत्र भन्दा पनि गहनतम मानव चेतनाको मूल एवम् केन्द्रिय पक्ष-आत्मतत्त्वको आफ्नो आवश्यकता हो । अध्यात्म मनोविज्ञानको मत अनुसार मानवीय अन्तःकरणको संरचना दैवी तत्त्वहरू मिलेर बनेको छ । यहाँबाट सँधै सत्प्रेरणाहरू निस्किरहेका हुन्छन् । अन्तःकरणबाट निस्कने सत्प्रेरणाहरूलाई उपेक्षा गर्नु र दुष्कृत्यहरूमा निरत हुनुले अन्तर्द्वन्द्वको स्थिति उत्पन्न हुन्छ र मनुष्यलाई त्रास दिन्छ । आधुनिकतम मनोविज्ञानका शोधहरूमा के परिणाम पाइएको छ भने कतिपय मनोरोगहरू र व्यक्तित्व विघटनका समस्याहरूको कारण सदैव मानसिक एवम् जैविक स्तरमा आउने ईच्छाको दमन मात्र नभएर, आध्यात्मिक इच्छाहरूको दमन पनि हो । पालब्रण्टन, युंग एवम् राधाकृष्णन जस्ता सबै आधुनिक मनिषि एवम् चिन्तकहरू यस कुरामा सहमत छन् कि आज मानवता आध्यात्मिक कुसमायोजनले पीडित छ । यस समस्याको मूल अहमता हो, यो अहंकार जसले एकातिर व्यक्तिलाई आत्माको उच्चस्तरीय सत्यदेखि अलग राख्छ भने त्यहिँ एक व्यक्तिलाई अर्को व्यक्तिदेखि पनि अलग राख्दछ । मनोवैज्ञानिक युंगका अनुसार – "अहंकारका कारण मानवीय चेतना समग्र भन्दा पृथक हुन्छ र मानवतासँग पनि आफ्नो सम्बन्ध विच्छेद हुन्छ ।"

मानवीय चेतनाको वर्तमान विभिषिका मनोवैज्ञानिक, जैविक एवम् भौतिक स्तरमा भैरहेका प्रयासहरूबाट अधिक गम्भीर एवम् समग्र समायोजनको माग गर्दछ र यो समाधान केवल मानवीय चेतनाको समग्र अध्ययन एवम् उपचार गर्नमा सक्षम आध्यात्मिक पृष्ठभूमिमा नै हुन सक्दछ । स्वामी अखिलानन्दका शब्दमा –"जबसम्म व्यक्तिको जीवनको चरम लक्ष्य सुखवाद एवम् इन्द्रिय भोग रहन्छ, मानसिक द्वन्द्व, तनाव र कुण्ठाहरू बनी रहन्छ । अध्यात्मको आदर्शलाई जीवनमा धारण नगरेसम्म व्यक्तिको मानसिक तनाव एवम् कुण्ठाहरूको स्थायी उपचारको कुनै सम्भावना देखिदैन ।" आध्यात्मिक प्रक्रियाहरूद्वारा आफ्नो अहं एवम् स्वार्थको क्षुद्र सत्तालाई विराट अहंमा समर्पण, विसर्जन, विलयद्वारा नै अहं विस्तारको मार्ग प्रशस्त हुन्छ र आत्मिक स्तरमा सामन्जस्य एवम् समायोजनको द्वार खुल्ला हुन्छ । स्वामी यतिश्वरानन्दको शब्दमा –"त्यस्तो व्यक्तिमा वैयक्तिक चेतना ब्रह्माण्डीय चेतनाबाट लयबद्ध हुन्छ र यो संगठित चेतना मन र शरीरलाई सहज, सक्रिय एवम् सामन्जस्यपूर्ण बनाइराखेको हुन्छ ।" विकसित चेतनाले युक्त यो व्यक्ति जैविक, मानसिक, व्यावहारिक, भावनात्मक एवम् आध्यात्मिक प्रत्येक स्तरमा समायोजित हुन सक्दछ ।

उपर्युक्त विवेचनाबाट सजिलै के तथ्य प्रमाणित हुन्छ भने वर्तमान समयको सबैभन्दा ठूलो संकट मानवीय चेतनाको विघटन हो । आजको सम्पूर्ण समस्याहरूको मूलमा यही तत्त्व रहेको छ । यी समस्याहरूको समाधानका लागि एकमात्र उपाय मानवीय चेतनाको विकास हो । यी समस्याहरूदेखि बच्नका लागि मानवीय चेतनाको विकास आजको आवश्यकता मात्र नभएर अनिवार्यता पनि हो ।

मानव चेतनाको विकास प्रणाली

आजको व्यस्त मानव भौतिकताको दुनियाँमा आफैलाई बिर्सिएर कुहिरोमा काग रूमलिए जसरी रूमल्ली रहेको छ । मानव जीवनको मूल उद्देश्य शान्त एवम् आनन्दमय जीवन व्यतीत गर्दै साधना, आराधना, उपासना एवम् निष्काम कर्मयोगद्वारा नरको मूल उद्‌गम नारायण प्राप्तगर्नु हो । तर आजको व्यक्ति बहिर्मुखी भएर शान्ति र आनन्दको खोजीमा कहिले कुन पार्टी अंगाल्न पुग्छ त कहिले धर्म बदल्छ । संसारमा अनेक पार्टी, धर्म, सम्प्रदाय, पन्थहरू छन् तर यस्ता धर्म, पार्टी एवं सम्प्रदायमा व्यक्तिगत पुष्टि एवम् तुष्टिका लागि सङ्कीर्णता भेटिन्छ । जहाँ मानवमात्र अटाउन सक्दैन । यिनै पार्टी सम्प्रदाय आदिका नाउँमा कपहिलेकाहीँ राष्ट्रिय एकता एवम् अखण्डातामा प्रश्नचिन्ह समेत खडा भएको हाम्रै अगाडि प्रत्यक्ष छ । यस्ता पार्टी–सम्प्रदाय आदिबाट व्यक्ति भयभीत नै रहन्छ । यस्तो कुनै पथ छैन, जहाँ समानता एवम् व्यपकता होस् र व्यक्ति निर्भय भई आफ्नो वास्तविक पहिचान खोज्दै अन्तरमुखी बन्न सकोस् ।

मानवीय चेतनाको विकास गर्न सक्ने तत्त्व नै धर्म र दर्शन

मात्र हुन् ।

संसारमा भएका प्राय सबै धर्मले मानवीय चेतनाको विकासमैं जोड दिएको देखिन्छ । चेतनाको विकासका लागि विशाल भण्डार पूर्वीय परम्परा नै हो । यद्यपि पश्चिमी मान्यतामा पनि यसको विस्तार राम्रोसँग भएको पाइन्छ । कतिपय धार्मिक मान्यतालाई किनारामा राख्ने हो भने धार्मिकता भित्रको दर्शनले नै मनष्यलाई सुख दिएको छ । दर्शन बिना मनुष्य बाँच्न सक्दैन । दर्शन व्यवहारमा उत्रिँदा मनुष्य चेतनाको विकास सुरू हुन्छ । मनुष्यलाई आचारमा राख्ने सबैभन्दा राम्रो कडी नै धर्मदर्शन भित्रको आचार परम्परा हो । चेतना विकासका लागि हरेक धर्ममा आ-आफ्नै विधि र पद्धति रहेको छ । जसको पालनाले मात्र मनुष्य उत्कृष्टबाट उत्कृष्टतर बन्दै समाजमा प्रतिष्ठित बन्न सक्दछ जुन चेतनाको उच्चताबाट मात्र सम्भव हुन्छ ।

१. इस्लाम धर्ममा चेतनाको विकास पद्धति

इस्लामको शाब्दिक अर्थ हो -'ईश्वरप्रति समर्पण (Submission to God) । यहाँ मनुष्यलाई ईश्वरको दास मानिन्छ । मानव आफ्नो व्यक्तित्वलाई त्याग गरेर ईश्वरप्रति आत्मसमर्पण गरेर मात्र लक्ष्यसम्म पुग्न सक्दछ । यसका लागि यस धर्ममा विभिन्न सिद्धान्तहरूको मान्यता दिइएको छ -

इस्लामको प्रमुख सिद्धान्त - The Cardinal Principles of Ishlam

ईस्लामका विभिन्न सिद्धान्तहरू र कर्तव्यहरूलाई दुई खण्डमा विभाजन गरिएको छ- १. इमाम- यो सैद्धान्तिक छ, यसमा मत र विश्वासहरूको चर्चा गरिएको छ ताकि चिन्तन र भावनालाई सही दिशा मिल्न सकोस, २. दीन- यो व्यवहारिक छ, यसमा धार्मिक कर्तव्यहरूको चर्चा गरिएको छ । जसले गर्दा व्यक्तिको कर्म सही होस् । मतको उच्चारण : इस्लाम आफ्नो मतको अभिव्यक्ति एक वाक्यमा गर्दछ -'ला इलाह इल्लल्लाह मुहम्मदन् रसूलल्लाही' - अल्लाहका सिवाय अर्को कुनै पनि ईश्वर छैन र यसको देवदूत मुहम्मद हुन् ।

नमाजः प्रत्येक मुसलमानले प्रतिदिन पाँच पटक अनिवार्य रूपमा नमाज पढ्नु पर्दछ । नमाज पढ्नु पूर्व अंग शुद्धि गर्नुपर्दछ । जसलाई वजू भनिन्छ ।

जकात (खैरात) : प्रत्येक मुसलमानले आफ्नो पशुहरू, वस्तुहरू, सुन-चाँदीहरूको दुई प्रतिशत तथा आफुले उब्जाएको अन्नको दश प्रतिशत अंशको रूपमा दान गर्नु अनिवार्य मानिएको छ । यसको वितरण गरिब, असाहाय, अनाथहरूमा गरिन्छ ।

रमजानको महिनामा उपवासः यो महिना पवित्र मानिन्छ । यस दिन कुरान मुहम्मद साहबसंग अवतरित भएको थियो । यो महिना उपवास (रोजा) राख्नु अनिवार्य हुन्छ ।

हज गर्नुः इस्लामको अन्तिम धार्मिक कर्तव्य नै हज गर्नु हो । हज गर्नुको अर्थ मक्का मदिना जानु हो । मक्काबाट नै यस धर्मको आरम्भ भएको हो ।

इस्लाम धर्ममा आचार-विचार

कुरानमा धर्म र अधर्म अर्थात् उचित र अनुचित या निषिद्ध कर्म पनि बताइएको छ । शुद्धता, ईमानदारी, मित्रता, स्वच्छता, क्षमा, सहानुभूति, न्याय, प्रेम, करूणा, दान, नम्रता, सच्चाई, मर्यादा, कृतज्ञता, साहस, धैर्य, राम्रोपन आदि उचित कर्महरूलाई धर्म भनिएको छ । यसको विपरीत दुर्वचन, क्रोध, लोभ, हत्या, भ्रष्टाचार, झुठ बोल्नु, अभिमान, आत्महत्या, ईर्ष्या, कृपणता आदिलाई अनुचित अर्थात निषिद्ध कर्महरूलाइ अधर्म भनिएको छ ।

२. ईसाई धर्ममा मानव चेतनाको विकास

ईसाई धर्म विश्वको मुख्य धर्म मध्ये एक धर्म हो । यसको विकास यहूदी धर्मबाट भएको हो । ईसाई धर्मको दृष्टिकोण समन्वयात्मक छ । ईसाइहरूको धर्म ग्रन्थ बाइबल हो । यहि नै ईसाई धर्मको मौलिक सिद्धान्तको मूल श्रोत हो ।

नितिशास्त्र एवम् ईशाका शिक्षाहरूः ईशाई धर्मको केन्द्रबिन्दु नैतिकता हो । यसमा दया, न्याय, सहानुभूति, मित्रता, परोपकार, क्षमा, दान, नम्रता, आत्मबलिदान आदि सद्गुणहरूलाई प्रधानता दिइएको छ ।

मुक्तिको मार्गः ईशाई धर्म मुक्तिका लागि ईश्वरमा विश्वास अनिवार्य मान्दछ । साथ-साथै ईशा मसीहमा विश्वास पनि आवश्यक छ ।

बपतिस्माः ईशाई धर्ममा भूत (Matter)लाई अशुभ मानिएको छ । यही कारणले गर्दा ईशाईहरूमा शरीर शुद्धिलाई बल दिइएको छ । पापको उन्मुलनका लागि यसलाई अति आवश्यक मानिएको छ ।

३. हिन्दु धर्ममा मानव चेतना विकासको पद्धति

हिन्दु धर्मलाई सनातन धर्म भनिन्छ । यसलाई सर्वाधिक प्राचीन एवम् अन्य धर्महरूको जननी पनि

मानिन्छ। यसको मान्यता नै जीवनको सर्वोच्च लक्ष्य स्वयंमा अन्तर्निहित श्रेष्ठतम सम्भावनाहरू एवम् शक्तिहरूको जागृति गरेर ईश्वरलाई प्राप्त गर्नु हो । यसरी आफ्नो चेतनाको पूर्ण विकास गर्नु हो । यस लक्ष्यलाई प्राप्त गर्नका लागि प्राचीन ऋषि-मुनिहरू र तत्त्वविदहरूद्वारा मनुष्यको प्रकृति, पात्रता एवम् रूचि अनुरूप विविध साधना मार्गहरूको अन्वेषण गरिएको हो। यसमध्ये केही प्रमुख साधना पद्धति निम्नलिखित छन्- ज्ञानयोग साधना, कर्मयोग साधना, भक्तियोग साधना, राजयोग साधना, मन्त्रयोग साधना, तन्त्रयोग साधना। यी साधना पद्धतिहरू सूक्ष्मतम यौगिक क्रियाहरू हुन् जसले चतनालाई उर्ध्वगामी बनाउन मद्दत गर्दछन् ।

निस्कर्ष

उपर्युक्त विवेचनाद्वारा के स्पष्ट हुन्छ भने विभिन्न धर्म, दर्शन एवम् दार्शनिकहरूले भिन्न भिन्न साधनहरूद्वारा चेतनाको विकास सम्बन्धी पक्षलाई उजागर गरेका छन् । कुनै प्रणालीमा कर्मलाई प्रधानता मानिएको छ भने कुनैमा विचारलाई । कुनैले पूर्णतया साकार चेतनालाई मान्दछन् भने केहि पूर्णतया निराकारवादी छन्। कसैले बैराग्यलाई श्रेष्ठ मानेका छन् भने कसैले शरीरलाई नै सर्वस्व मानेका छन्। यी प्रणालीहरू निश्चित रूपमा चेतनाको विकासमा सहायक छन् ।

कुनै प्रणाली कसैलाई श्रेष्ठ लाग्छ र उपयोगी पनि कुनै अन्य प्रणाली तेस्रो व्यक्तिको चेतना उत्थानको माध्यम बन्न सक्दछ । सबैका लागि सबै प्रणाली उपयुक्त नभए पनि सबै विधिहरू आफैमा उपयोगी रहेका छन्। विभिन्न देश, संस्कृति, धर्म, जाति, व्यक्तित्व, मान्यता, रूचि एवम् प्रवृत्तिहरूका व्यक्तिहरूद्वारा कुनै एक मात्र प्रणालीको अबलम्बन गर्न सक्दैनन्। किनकि कुनै प्रणालीमा कुनै तथ्य अनुत्तरित छन् भने कुनैमा अन्य तथ्य । अतएवः यी सबै कुराले के स्पष्ट हुन्छ भने यस्तो प्रणालीको अनुसन्धान अति आवश्यक छ जसलाई सम्पूर्ण देशका, धर्मका, जातिहरूका, विभिन्न रूचिहरू-प्रवृत्तिहरू एवम् मान्यताहरू राख्ने भिन्न-भिन्नस्तरका व्यक्तिहरू एकसाथ एक स्वर भएर ग्रहण गर्न सकून्। यस अनुसन्धानमा प्रयास जारी भएपनि सफलता प्राप्त भैसकेको भने छैन।❖

-कपिलवस्तु, लुम्बिनी

गतिविधि

१२ औं वार्षिक साधारण सभा सम्पन्न

श्रीपशुपतिनाथ एवम् वाग्मती गङ्गा आरति समितिको १२ औं वार्षिक साधारण सभा सम्पन्न भएको छ । गत पुस १५ गते समितिका अध्यक्ष जनार्दन शर्मा अधिकारीको सभापतित्व एवम् नेपाल सरकारका पूर्वसचिव श्रीमान श्रेष्ठको प्रमुख आतिथ्यमा उक्त साधारण सभा आयोजना गरिएको थियो । साधारण सभाले महासचिव दुर्गा खतिवडाले प्रस्तुत गर्नुभएको वार्षिक कार्यप्रगति प्रतिवेदन, कोषाध्यक्ष श्रीमती इन्दिरा सिंह श्रेष्ठको आर्थिक प्रतिवेदन पारित गरेको थियो । कार्यक्रमका प्रमुख अतिथि श्रीमान श्रेष्ठले वाग्मती आरति पशुपतिनाथको एक अभिन्न अंग बनेको प्रसंग जोड्दै सो आरतिलाई आजको अवस्थासम्म ल्याउन सहयोग गर्ने सबैलाई धन्यवाद व्यक्त गर्नुभयो । यसैगरी पूर्व प्रशासक टीकाराम अर्यालले पशुपतिनाथ एवम् नित्य गंगा आरतिको माध्यमले नवदा भक्तमध्येको श्रवण, कीर्तन भक्ति भएको बताउनुभयो । कार्यक्रममा सहप्रा. बिनुबाबा अर्यालले आरतिको महिमा बारे प्रकाश पार्नुभएको थियो । समितिका उपाध्यक्ष डा. बासुदेव कृष्ण शास्त्रीद्वारा स्वागत मन्तव्य दिइएको सो सभामा सभापति जनार्दन शर्मा अधिकारीले सहभागी सबैलाई धन्यवाद व्यक्त गर्नुभएको थियो ।

मानवता प्रवर्द्धन विषयक कार्यशाला

माया घर नेपाल, इटहरीको आयोजनामा गत पुस १६ गते काठमाडौंमा मानवता प्रवर्द्धन विषयक कार्यशाला आयोजना गरियो । संस्थाकी अध्यक्ष सुभद्रा प्याकुरेलको सभापतित्व र प्रतिनिधि सभाकी उपसभामुख इन्दिरा रानाको प्रमुख आतिथ्यमा आयोजित सो कार्यशालामा वरिष्ठ गीतकार आनन्द अधिकारी, हास्यकलाकार मनोज गजुरेल, सामाजिक अभियन्ता रीता खनाल, पर्यटन व्यवसायी कृष्ण शाह, समाजसेवी मुस्कान पौडेल आदिको उपस्थिति रहेको थियो । कार्यक्रमा प्रमुख अतिथि उपसभामुख रानाले माया घर नेपालले असाहय एवम् दुःखी गरिवहरूप्रति देखाएको सेवा भाव अनुकरणीय रहेको जनाउनु भयो । सो कार्यक्रमा उहाँलाई सम्मान पनि गरिएको थियो । ❖

भूकम्पको जोखिमवाट सुरक्षित बनौं !

- ❖ भूकम्प जाँदा कमजोर संरचनाका कारण बढी जनधनको क्षति हुने गर्दछ ।
- ❖ घर तथा अन्य संरचना निर्माण गर्दा भूकम्प प्रतिरोधी तथा बलियो बनाऔं ।
- ❖ प्राविधिकको सल्लाह लिएर मात्र सुरक्षित घर बनाऔं र पुरानो भए मर्मत सम्भार गरौं ।
- ❖ भूकम्पबाट सुरक्षित रहन आवश्यक पूर्वतयारी गरौं ।
- ❖ भूकम्प जाँदा आत्तिएर जथाभावी दौडने र भाग्ने नगरौं ।
- ❖ धैर्यतापूर्वक घर/भवन बाहिर खुला तथा सुरक्षित स्थानमा जाऔं ।
- ❖ भूकम्पमा अप्ठ्यारो परेकालाई सहयोग गरौं ।

नेपाल सरकार
विज्ञापन वोर्ड

अब गौरी मासिक इ-पत्रिकामा संसार भरि पनि पढ्न सकिन्छ ।

गौरी अब ईन्टरनेको माध्यमबाट पनि पढ्न सकिन्छ।
www.ushaeduhouse.com

मा गएर निःशुल्क, सशुल्क डोनेशनमा पढ्न सकिने जानकारी गराउँदछौं ।



देश तथा विदेशमा रहनु भएका पाठक वर्गले सिधै सर्वसुलभ रूपमा पढ्न सक्नुहुनेछ।

गौरी मासिक पत्रिकाको निरन्तरताको निम्ति अक्षय कोष निर्माणको लागि यहाँको सानो सहयोग हाम्रो लागि अमूल्य रहनेछ । सहयोगको निम्ति-

eSewa
GAURI PUBLICATION
9851053601

अरुणसिंह पण्डालवाला
प्रोपाइटर

ॐ

अरुणसिंह पण्डालवाला

गौरीघाट काठमाडौं, मोबाइलः ९८५१२५४२२४,९८४१७४२०९६, ९८४१७८४५०५

सेवाहरूः
वाटरप्रुफ पण्डाल, पाल, गेट, मञ्चका साथै सजावटका लागि सम्पर्क गर्नुहोला
साथै बत्ती, जेनेटर र साउण्डसिष्टमका निम्ति समेत सम्झनुहोला ।

शुद्ध, सफा र स्वादिष्ट नेपाली भोजनका लागि सदैव सम्झनुहोला ।

त्रिवेणी भोजनालय

क्षेत्रपाटी, काठमाडौं | फोनः ४२५१९८४

संस्कृत, नेपाली एवम् हिन्दी भाषामा समेत वेद, पुराण, ज्योतिष, कर्मकाण्ड आदि विषयमा विभिन्न धार्मिक पुस्तकहरू चाहिएमा सधैं सम्झनुहोला !

दुर्गा धार्मिक पुस्तक पसल

पशुपति, काठमाडौं
सम्पर्कः ९८४१५२१३५३

Your Printing Solution

"गुणस्तरीय छपाई, सुपथ मुल्य"

किशोर अफसेट प्रेश प्रा. लि.

गोल्कोपाखा, ठमेल, काठमाडौं, फोनः ०१-४०२२५४४

पशुपति क्षेत्रका मठमन्दिर तथा परम्परागत पुरातात्विक संरचनाहरू बहुमूल्य सम्पति हुन् । यिनीहरूको संरक्षण र संवर्द्धन गर्नु हामी सबैको दायित्व हो ।

"पशुपति क्षेत्र सफा राखौं सभ्यताको परिचय दिऔं ।"

पशुपति क्षेत्र विकास कोष
PASHUPATI AREA DEVELOPMENT TRUST

गो.हु.का. (म.क्षे.हु.नि.द.नं.) १०/०६७/०६८

॥ श्री गणेशाय नमः ॥ ॥ पूर्ण शिवं धीमहि । ॥ ॐ नमः शिवाय ॥

मानव कल्याण एवम् विश्व शान्तिको लागि शिवमहापुराण महोत्सव

२०८०

हार्दिक ईश्वरीय निमन्त्रणा

अखिलब्रह्माण्ड, चराचरब्याप्त परम कृपालु आशुतोष भगवान् श्रीपशुपतिनाथ तथा आध्याशक्ति श्रीदक्षिणकाली माताको असीम कृपाले विश्वकल्याणार्थ भगवान् श्रीपशुपतिनाथ विराजित पावन पाशुपत क्षेत्रमा, नेपालका धार्मिक एवम् ईश्वरीय दैवी मातृ शक्ति स्वरूपा माता श्री श्री १००८ महामण्डलेश्वर सावित्री देवी माँ साध्वी ज्यूको कृत संकल्प अन्तर्गत पूज्य बालविदुषी देवी भवानी उपाध्याय ज्यूको मुखारविन्दबाट एकादश दिवशीय अलौकिक श्रीशिवमहापुराण कथाको अमृतसुधा निस्सरित हुने साथै उच्च कोटीका सन्त–महात्मा महापुरूषहरूको विशुद्ध एवम् दिव्य दर्शन आशीर्वचन र विश्व मानव जगतको कल्याण सहित विराट धार्मिक अनुष्ठान आयोजना हुने हुँदा सम्पूर्ण धर्मानुरागीहरूमा धार्मिक, आध्यात्मिक चिन्तन र जागरण अभियानमा सहभागिताको लागि हार्दिक ईश्वरीय निमन्त्रणा गर्दछौं ।

मिति

२०८० फागुन २ गते, बुधवार (Feb 14, 2024) देखि फागुन १२ गतेसम्म
(Feb 15–Feb 24 2024) सम्म ।

स्थानः वनकाली प्राङ्गण (हंशमण्डप), पाशुपत क्षेत्र ।

सम्पर्क

९८६२५९८६०६, ९८६४४६४६०९

आयोजक

ओम श्री मा दक्षिणकाली सेवा आश्रम नेपाल परिवार,

अन्तर्राष्ट्रिय सूर्यवशीं अखडा परिषद, विश्वशान्ति ध्यान केन्द्र